सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

नयाँ पत्रिका

१४ चैत २०८१, बिहीबार (27 Mar 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बिचौलियाको रजगज बढेको बढ्यै, जनता हेरेको हेर्‍यै

प्राधिकरणलाई घाटा हुने गरी बिचौलियाको स्वार्थअनुसार ४८०० मेगावाट किन्न पिपिए गर्ने निर्णय

ऊर्जामन्त्री दीपक खड्का

कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य

दुई वर्षदेखि कुलमानले रोकेको पिपिए बिचौलियाको स्वार्थमा हितेन्द्रदेव आएलगत्तै खोल्ने निर्णय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिचौलियाको बलमा सरकारले कुलमान घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशक बनाएलगत्तै विद्युत् प्राधिकरण उनीहरूकै स्वार्थमा चल्न थालेको छ। शाक्यले शपथ लिएकै दिन मंगलबार रातारात प्राधिकरण सञ्चालक समितिको बैठक राखेर ऊर्जामन्त्री दीपक खड्काले निजी जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउने निर्णय गरेका छन्।

प्राधिकरणका कर्मचारी सरुवा गर्ने अधिकार पनि आफैँमा ल्याउँदै मन्त्री खड्का

विनियमावली संशोधनको निर्णय, कर्मचारीको चेतावनी

जबकि प्राधिकरणलाई घाटा हुने देखेपछि कुलमानले दुई वर्षदेखि पिपिए रोक्दै आएका थिए। प्राधिकरणले पिपिए गरेर विद्युत् खरिद गर्न सकेन भने आयोजनालाई जरिवाना तिर्नुपर्छ। विद्युत् खपत गर्न नसक्ने अवस्थामा जरिवाना मात्रै तिर्नुपर्ने भयो भने प्राधिकरणले ठुलो आर्थिक क्षति भोग्नुपर्ने जोखिम मूल्यांकन गरेर कुलमानले पिपिए रोक्दै आएका

» पृष्ठ २ मा क्रमशः

■ **कुलमान हटाएको विरोधमा बुधबार पनि प्रदर्शन जारी**

कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउने सरकारको निर्णयविरुद्ध बुधबार पनि प्रदर्शन जारी छ। रत्नपार्कस्थित प्राधिकरणको कार्यालयअगाडि दिनभर प्रदर्शन गरिएको छ भने साँझ गोंगबु क्षेत्रमा मसाल जुलुस निकालिएको छ।

■ **पुनर्बहालीको अन्तरिम आदेश माग्दै कुलमान सर्वोच्चमा**

आफूलाई कार्यकारी निर्देशकबाट बर्खास्ती गर्नु गैरकानुनी भएको भन्दै कुलमान घिसिङ सर्वोच्च अदालत पुगेका छन्। उनले पुनर्बहालीका लागि अन्तरिम आदेश माग गर्दै बुधबार सर्वोच्चमा रिट पेस गरेका हुन्।

■ **पुरानो मुद्दा टुंग्याउन हितेन्द्रदेवले पनि दिए निवेदन**

नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले पनि बुधबारै आफ्नो पुरानो मुद्दा टुंग्याउन माग गर्दै सर्वोच्चमा निवेदन दिएका छन्।

■ सडकको आन्दोलन अब सदनमा पनि

प्रधानमन्त्रीको जवाफ माग गर्दै विपक्षीले गरे दुवै सदन अवरुद्ध

● **प्रचण्ड**

प्रधानमन्त्रीले आएर रोस्टममा जवाफ नदिएसम्म हाउस चल्न सक्दैन। उहाँले यसलाई सहज रूपमा लिँदै स्पष्टीकरण दिनुपर्ने हुन्छ। चित्तबुझ्दो जवाफ आए तुरुन्तै हाउस चल्छ। स्पष्टीकरण पनि जालझेलको भयो भने आन्दोलन अगाडि बढ्छ।

● **केपी ओली**

प्रधानमन्त्रीले जवाफ दिइसक्यो। एउटा हटायो, अर्को नियुक्ति गर्‍यो, सक्कियो। त्यही नै हो जवाफ। उहाँहरू (विपक्षी)लाई सहयोग हुने, उहाँहरूले जो भन्यो त्यही नियुक्ति गर्ने हाम्रो काम होइन। प्रतिस्थापन विधेयक पास हुन नदिन खेल भइरहेको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई बर्खास्त गर्ने सरकारको निर्णयमा विपक्षी दलहरूले प्रधानमन्त्री केपी ओलीसँग स्पष्टीकरण माग गरेका छन्। प्रतिनिधिसभा र राष्ट्रिय सभाको बुधबार बसेको बैठकमा विपक्षी दलहरूले कार्यकालको चार महिनाअगावै घिसिङलाई हटाउनुको कारण मागेका थिए।

सदनमा विपक्षीले देशलाई १८ घण्टा लोडसेडिङबाट मुक्त गर्ने राष्ट्रसेवकको अपमानजनक बहिर्गमनको कारण खोजिरहेका वेला प्रधानमन्त्री ओली भने बालुवाटारमा सत्तापक्षको बैठक राखेर विवादित भूमि अध्यादेश अगाडि बढाउने उपाय खोजिरहेका थिए। प्रधानमन्त्री ओलीले स्पष्टीकरण नदिएसम्म सदन चल्न नदिने अडानका कारण दुवै सभाको बैठक बिहीबारसम्मका लागि स्थगित भएको छ।

कुलमानलाई बर्खास्त गर्ने निर्णयलाई सशक्त रूपमा उठाउने योजनासहित बुधबार विपक्षी दलका शीर्ष नेताहरू सदन गएका थिए। तर, सत्तापक्षका शीर्ष नेताहरू भने संसद् छाडेर बालुवाटारमा भेला भएका थिए, जसले सदन स्थगित गर्ने परिस्थिति सिर्जना भयो। बुधबार सदनमा विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड, रास्वपा संसदीय दलका कार्यबाहक नेता विराजभक्त श्रेष्ठ, राप्रपा संसदीय दलका

» पृष्ठ २ मा क्रमशः

■ सरकारकै संरक्षणमा कार्टेलिङ

फेरि बढाइयो डन्डी र सिमेन्टको भाउ

उद्योगीले महिनामै ६ पटक बढाए डन्डीको मूल्य, सरकार मौन

उद्योगमन्त्री दामोदर भण्डारी

कहिले कति पुर्‍याइयो ?
(प्रतिकेजी रुपैयाँमा)

१८ फागुनअघि : ८७
१८ फागुन : ८८.१४
२५ फागुन : ९१.५३
२८ फागुन : ९६.०५
३ चैत : १००
५ चैत : १०५
१२ चैत : ११२

अजित अधिकारी/नयाँ पत्रिका

स्टिल उद्योगीले कार्टेलिङ गरेर फेरि डन्डीको भाउ प्रतिकिलो सात रुपैयाँ बढाएका छन्। उनीहरूको कार्टेलिङलाई सरकारको निरन्तर संरक्षण छ।

निर्माण सामग्री (हार्डवेयर) व्यापार संघ काठमाडौंका उपाध्यक्ष दिलबहादुर श्रेष्ठका अनुसार काठमाडौंमा फलामे छड (डन्डी)को उपभोक्ता मूल्य प्रतिकिलो एक सय १२ रुपैयाँ पुगेको छ। त्यसअघि डन्डीको भाउ प्रतिकिलो एक सय पाँच रुपैयाँ थियो। 'दैनिकजस्तो भाउ बढिरहेको छ। त्यसैले हामीले मागेजति सामग्री पाउनै सकेका छैनौँ,' उनले भने, 'जति सामग्री खरिदका लागि भुक्तानी गरेको हो, त्यति सामग्री पनि पाएका छैनौँ।'

लोडसेडिङको बहाना बनाएर सिमेन्ट बोरामा बढाइयो ४० रुपैयाँ

उनका अनुसार भुक्तानी गरेको दिन डन्डी नपाएर केही दिन पर्खनुपर्‍यो भने बढेको भाउ तिर्नुपर्ने

» पृष्ठ २ मा क्रमशः

के भन्छन् सरोकारवाला ?

● **रवि सिंह**, अध्यक्ष
निर्माण व्यवसायी महासंघ

सिमेन्ट, डन्डीको भाउ निरन्तर बढ्नु भनेको सरकार तस्करहरूसँग मिलेको प्रमाणित हुनु हो। हामीले सरकार र सदनमा समेत पुगेर उजुरी दिने र खबरदारी गर्ने काम निरन्तर गरिरहे पनि सुनुवाइ भएको छैन। उद्योगीसँगको सेटिङमा सरकार रमाइरहेको छ।

● **माधव तिमिल्सिना**
उपभोक्ता अधिकारकर्मी

अस्वाभाविक रूपमा डन्डीको भाउ बढिरहे पनि राज्यसंयन्त्र मूकदर्शक हुनु लज्जाको विषय हो। यसबाट उद्योगीसँग सरकारको मिलेमतो मात्रै होइन संरक्षण नै छ भन्ने पुष्टि भएको छ।

● **सञ्जय साह कलवार**, अध्यक्ष
कबाडी व्यवसायी महासंघ

दुई महिनाअघि स्क्र्याप फलामको भाउ ६२-६४ रुपैयाँ प्रतिकिलो थियो। तर, अहिले सबै उद्योगीले सिन्डिकेट गरेका छन्। प्रतिकिलो ५८ रुपैयाँभन्दा बढीमा कसैले लिँदैनन्। आफू उपभोक्ताबाट अथाह नाफा खाने र हामीलाई मार्ने काम गरे।

१५ वर्षमुनिका विपन्न बालबालिकाको गंगालालमा मुटुरोगको निःशुल्क उपचार

हजार बालबालिकामध्ये आठदेखि १० जनामा देखिन्छ मुटुसम्बन्धी समस्या

(विस्तृत पृष्ठ ३)

रुस र युक्रेनबिच 'कृष्ण सागर' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्ने सहमति

(विस्तृत पृष्ठ ५)

कुल गार्हस्थ्य उत्पादनमा सुधार

०८१/८२ को पहिलो त्रैमासको तुलनामा २.२ प्रतिशत र गत आवको दोस्रो त्रैमासको तुलनामा ५.१ प्रतिशत जिडिपी वृद्धि, कुल १८ वटा औद्योगिक क्षेत्र सबैमा धनात्मक

कर्नर किक

● रवि मिश्र

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निजामती विधेयकमा संसदीय उपसमितिको प्रतिवेदन

अतिरिक्त सचिव राख्ने, आरक्षण बढीमा दुईपटक

सुवास भट्ट/नयाँ पत्रिका

संघीय निजामती सेवा विधेयकका कैयौँ पेचिला प्रावधानहरूमा सहमति जुटाउँदै संसदीय उपसमितिले बुधबार प्रतिवेदन तयार गरेको छ। राज्य व्यवस्था तथा सुशासन समितिद्वारा गठित उपसमितिले टुंग्याएको प्रतिवेदनअनुसार ऐनमा अतिरिक्त सचिव राख्नेदेखि बढीमा दुईपटकसम्म आरक्षण सुविधा पाउने र निजामती कर्मचारीको उमेरहद ६० वर्ष पुर्‍याउनेलगायतका प्रावधान छन्।

■ **उपसमितिले आजै मूल समितिलाई प्रतिवेदन बुझाउने**

कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा गठित ११ सदस्यीय उपसमितिको प्रतिवेदनअनुसार संघीय निजामती सेवा ऐनमा अतिरिक्त सचिवको व्यवस्था गर्नुपर्ने निष्कर्ष छ। एक महिना लामो छलफलपछि तयार प्रतिवेदनमा निजामती प्रशासनमा अतिरिक्त सचिवको नयाँ दरबन्दी सिर्जना हुने प्रबन्ध छ। कतिपय प्रावधानमा भने सांसदहरूका असहमति छन्।

संघीय निजामती सेवा विधेयकमा सबैभन्दा पेचिलो बनेको अतिरिक्त सचिवको विषयलाई उपसमितिले टुंग्याएको हो। विधेयकमा अतिरिक्त सचिव राख्ने-नराख्ने दुवैतर्फ बलिया लबिङ चलिरहँदा उपसमिति अतिरिक्त सचिव राख्न सकिने निष्कर्षमा पुगेको छ।

» पृष्ठ २ मा क्रमशः

- तहगत र श्रेणीको मिश्रित प्रणाली
- मुख्यसचिव १५औँ तह, सचिव १४औँ र अतिरिक्त सचिव १३औँ
- मुख्यसचिव र सचिवको पदावधि एक-एक वर्ष घट्यो
- उमेरहद ६०
- सहसचिवमा खुला प्रतिस्पर्धा हटाउने
- पदपूर्तिमा आरक्षणको हिस्सा ४५ बाट ४९ प्रतिशत पुर्‍याउने, आरक्षण समूहमा थारू र मुस्लिम थप्ने

- आरक्षण बढीमा दुईपटक मात्रै
- कुलिङ पिरियड दुई वर्ष, सरकारी नियुक्तिका लागि एक वर्ष
- अन्तरतह प्रतिस्पर्धाको व्यवस्था
- प्रमुख प्रशासकीय र प्रदेश सचिव प्रदेशबाटै, १० वर्ष संघले पठाउने
- ट्रेड युनियनको विद्यमान व्यवस्था यथावत्, तर आचारसंहितामा बाँधिने

विधेयकमाथि सर्वसम्मति जुट्यो, आज समितिलाई बुझाउँछौँ

● **दिलेन्द्रप्रसाद बडू**, संयोजक, उपसमिति

उपसमितिले विधेयकमाथि सर्वसम्मति जुटाएको छ। एकाध विषयमा 'फुलहाउस'मा थप छलफल गर्न दिने गरी सहमति जुटाइएको छ। उपसमितिले आफ्नो निष्कर्षका रूपमा प्रतिवेदन तयार गरेको छ। प्रतिवेदन बिहीबार समितिमा बुझाउने तयारी छ। समितिमा बुझाएपछि प्रतिवेदन सार्वजनिक गर्छौँ।

अर्घाखाँचीमा बस दुर्घटना, चारको मृत्यु

सुपा देउराली मन्दिर दर्शन गरी फर्किरहेका यात्रुसवार बस दुर्घटनामा घाइते ६ जनाको बुटवलमा उपचार हुँदै

बुटवल/ अर्घाखाँचीको प्रसिद्ध सुपा देउराली मन्दिर दर्शन गरी नवलपरासी फर्किरहेको यात्रुसवार बस दुर्घटना हुँदा चारजनाको ज्यान गएको छ। ६ जना गम्भीर घाइते भएका छन्। लु.२ख ३०३ नम्बरको बस बुधबार साँझ पौने ६ बजे गोरुसिंगे-सन्धिखर्क सडकखण्डअन्तर्गत अर्घाखाँचीको शीतगंगा नगरपालिका- २ भुवनपाटामा दुर्घटना भएको हो।

प्रहरीको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका इन्स्पेक्टर ईश्वरी अधिकारीका अनुसार बस सडकबाट २५ मिटर तल खसेको हो। बसमा २२ यात्रु सवार थिए।

दुर्घटनामा बुटवल उपमहानगरपालिका- ८ की ५५ वर्षीया जमुना बस्याल, नवलपरासी पश्चिम भूमहीकी उमा न्यौपाने, नाम थर नखुलेकी उनकी सासू र नवलपरासी बर्दघाटका मदनकुमार विकको मृत्यु भएको छ। विक बसचालक हुन्।

दुर्घटनामा गम्भीर घाइते ६ जनालाई बुटवलस्थित अस्पतालमा रेफर गरिएको छ। नवलपरासी बर्दघाट- १२ का सन्तोष कँडेल, अमर कँडेल, आशिष अधिकारी, लक्ष्मी अधिकारी, आन्दा अधिकारी, आयान्स अधिकारीलाई रेफर गरिएको प्रहरीले जनाएको छ। अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडा र स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

■ चीन तस्करी हुँदै गरेको २५ करोडबराबरको डलर र युरो बरामद प्रकरण

नौ दिन बित्यो, तर अझै अघि बढेन अनुसन्धान

बरामद गरिएका सबै नोटको नम्बर उतार्न मात्रै सात दिन लाग्यो, बल्ल फाइल ग्रहण गरेको राजस्व अनुसन्धान विभाग छानविनको तयारीमा

टेकराज थामी/नयाँ पत्रिका

टोखाको झोरबाट २५ करोड १९ लाख २४ हजार रुपैयाँबराबर युरो र डलर बरामद प्रकरणको अनुसन्धान प्रक्रिया अझै अघि बढ्न सकेको छैन। काठमाडौं अपराध अनुसन्धान कार्यालयले ४ चैतमा पैसा ढुवानी गर्ने ट्रकसहित उक्त रकम बरामद गरेकोमा नौ दिन बितिसक्दा पनि अनुसन्धान अघि नबढेको हो।

प्रहरीले बरामद रकमसहित पक्राउ परेका ट्रकचालक सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका- १ का ४३ वर्षीय फुच्चे भनिने कुसाङ लामालाई ५ चैतमा राजस्व अनुसन्धान विभागमा बुझाएको थियो। तर, विभागले बरामद नोटको सनाखत नसकिएकाले अनुसन्धानको स्वामित्व ग्रहण गरेको थिएन। विभागका महानिर्देशक चण्डीप्रसाद घिमिरेले नोटको सनाखतपछि मंगलबार मात्रै फाइल विभागमातहत आएकाले अब विभागले थप अनुसन्धान अघि बढाउने बताए।

'बरामद नोटको सनाखत मंगलबार मात्रै सकियो। त्यसपछि २५ करोड बरामद

» पृष्ठ २ मा क्रमशः

अब अनुसन्धान अघि बढ्छ

● **चण्डीप्रसाद घिमिरे**, महानिर्देशक, राजस्व अनुसन्धान विभाग

बरामद सबै नोटको नम्बर अनिवार्य रूपमा नलेखी सनाखत हुँदैन। यस कार्यमा हामीले पनि प्रहरीलाई सहजीकरण गरिदियौँ। मंगलबार मात्रै नोटका सबै नम्बर लेखेर सकिएपछि फाइल हामीकहाँ ह्यान्डओभर भयो। २५ करोड बरामद घटनासँग सम्बन्धित फाइलको पूर्ण स्वामित्व हामीकहाँ आइपुगेको छ। केही अनुसन्धान भएका छन्। अब विभागबाट नयाँ ढंगले अनुसन्धान अघि बढ्छ।

राजस्व अनुसन्धान विभाग चाहँदैन अनुसन्धानमा प्रहरीको उपस्थिति

कुसाङलाई तस्करले रसुवागढीसम्म मात्रै विदेशी मुद्रासहितको ट्रक हाँक्न निर्देशन दिएको प्रारम्भिक सोधपुछमा खुलेको छ। त्यही निर्देशनअनुसार उनी ट्रकमा २५ करोड लुकाएर रसुवागढीतर्फ जाँदै थिए। सूचना चुहिएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई टोखाको झोरबाट पक्राउ गरेको थियो। प्रहरीका अनुसार रसुवागढी पुगेपछि उक्त ट्रक नेपाल-चीन सीमा कटाएर केरुङसम्म लैजाने जिम्मा भने अर्कै चालकले पाएका थिए। त्यसैगरी, ट्रकलाई केरुङबाट नाका कटाएर पुनः रसुवागढी फिर्ता ल्याउने जिम्मा पनि फरक चालकले नै पाएका थिए। रसुवागढी आइपुगेपछि मात्रै ट्रक कुसाङको जिम्मामा आउँथ्यो र उनले काठमाडौंसम्म ल्याउनुपर्थ्यो। घटना संगठित प्रकृतिको भएको प्रहरी अनुमान छ।

यस्ता घटना अनुसन्धान गर्न राजस्व अनुसन्धान विभागसँग न अनुभव छ, न दक्ष जनशक्ति नै। विभागले मूलतः राजस्व चुहावटमा केन्द्रित भएर अनुसन्धान र अभियोजन गर्छ। त्यसो हुँदा प्रहरी यो अनुसन्धानमा विभागसँगै सहकार्य गर्न चाहन्छ। यसका निम्ति प्रहरीले विभागलाई तीन विकल्प दिएको छ। पहिलो- अनुसन्धान कार्यालयको टोली विभागमै बसेर अनुसन्धानमा सघाउने, दोस्रो- प्रहरी अधिकारी सम्मिलित छुट्टै अनुसन्धान समिति गठन गर्ने र तेस्रो- निश्चित घटना अनुसन्धानमा सघाउन भन्दै विभागले प्रहरीलाई औपचारिक आग्रह गर्ने। तर, विभाग प्रहरीको कुनै पनि विकल्प मान्न तयार छैन।

अनुसन्धान कार्यालय स्रोतले भन्यो, 'रकम बरामदपछि हामीले विभागमा पठायौँ। यति ठुलो घटनामा अझै अनुसन्धान प्रक्रिया अघि बढ्न सकेको छैन न कोही पक्राउ नै परेका छन्। यो घटना संगठित प्रकृतिको छ। जसको अनुसन्धान गर्ने दक्षता विभागसँग छैन। यस सम्बन्धमा हामीले विभागलाई तीन विकल्प दिएका छौँ। तर, विभागका अधिकारी मान्न तयार छैनन्।'

२५ करोडको असली मालिक चिनियाँ नागरिक रहेको पनि प्रहरीको प्रारम्भिक अनुमान छ। उनी विगतदेखि नै सुन तस्करी धन्दामै संलग्न हुँदै आएको पनि प्रहरी बताउँछ। ०७८ मा जेलबाट छुटेलगत्तै कुसाङलाई उनीहरूले नै सम्पर्कमा ल्याएका थिए। घटनामा प्रयोग गरिएको ट्रक पनि उनीहरूले नै सुन तस्करी गर्ने उद्देश्यले खरिद गर्न लगाएको प्रहरीको प्रारम्भिक निचोड छ।

अतिरिक्त सचिव...

पृष्ठ १ बाट क्रमशः

यद्यपि, अतिरिक्त सचिवको व्यवस्था यसअघि पनि प्रयोगमा आएर हटाइएको थियो। अतिरिक्त सचिवको व्यवस्था संघीय तहमा मात्र राख्ने उपसमितिको निष्कर्ष छ। प्रदेशमा अतिरिक्त सचिव पठाउने सम्बन्धमा भने संवैधानिक अवरोध रहेको उपसमितिको निष्कर्ष छ। प्रदेश र स्थानीय तहका हकमा संविधानले नै प्रदेश कानुनअनुसार कर्मचारी पदपूर्ति गर्ने व्यवस्था गरेको, प्रदेशको मन्त्रालय संख्या यकिन नभएकोलगायतका कारण संघबाट अतिरिक्त सचिव पठाउन नसकिने निष्कर्षमा उपसमिति पुगेको हो।

प्रदेश सचिवमा भने १२औँ तहलाई पठाउने उपसमितिको निष्कर्ष छ। त्यस्तै, निजामतीमा तहगत र श्रेणीको मिश्रित मोडालिटी अपनाउने सहमति पनि जुटेको छ। तहगत प्रणाली अपनाउनेमा सबै एकमत भए पनि संविधानमा श्रेणीको विषय पनि उल्लेख भएकाले त्यसलाई काट्न नमिलेको अवस्थामा श्रेणीगत पनि कायम राख्ने गरी मिश्रित मोडलमा जाने सहमति जुटेको छ। तर, निजामती प्रशासन मुख्यतः तहगतमा चल्नेछ।

उपसमितिमा सहमति जुटेबमोजिम निजामतीमा अधिकतम १५औँ तह हुनेछन्। त्यसमा मुख्यसचिव १५औँ तह, त्यसमुनि सचिव १४औँ, अतिरिक्त सचिव १३औँ र सहसचिव १२औँ तह हुनेछ।

त्यस्तै, मुख्यसचिव र सचिवको पदावधि पनि घटाइएको छ। उपसमितिमा सहमति जुटेअनुसार सचिवको पदावधि चार वर्ष र मुख्यसचिवको दुई वर्ष कायम गर्ने सहमति जुटेको छ। हाल सचिवको पाँच र मुख्यसचिवको तीन वर्ष पदावधिको व्यवस्था छ।

निजामती कर्मचारीको उमेरहद ५८ बाट ६० वर्ष पुर्‍याउनेमा पनि उपसमितिमा सर्वसम्मति जुटेको छ। यसैगरी सहसचिवमा खुला प्रतिस्पर्धा हटाउनुपर्ने निचोड पनि उपसमितिको छ। यसो हुँदा बढुवा प्रक्रियाबाट मात्रै सहसचिव आउने हुन्छ।

यसैगरी, आरक्षण व्यवस्थाका सम्बन्धमा पनि उपसमितिले केही परिमार्जन गरेको छ। पदपूर्तिमा आरक्षणको हालको ४५ प्रतिशत हिस्सालाई चार प्रतिशतले बढाएर ४९ प्रतिशत पुर्‍याउनेमा उपसमितिले सहमति कायम गरेको छ। उपसमितिले सहमति जुटाएबमोजिम ऐनमा व्यवस्था भए यो हिस्सा ४९ प्रतिशत पुग्नेछ। यो आरक्षण हिस्साभित्र पनि अझै विशिष्टीकृत व्यवस्था गर्नुपर्ने उपसमितिको निष्कर्ष छ। आरक्षणको ४९ प्रतिशत हिस्सालाई शतप्रतिशत मानेर त्यसको आधा आरक्षण समूहका महिलालाई छुट्याउनुपर्ने उपसमितिको प्रतिवेदनमा उल्लेख छ। बाँकी रहेको आधा भने निर्धारित समूहमा बाँडफाँट गर्ने गरी उपसमितिले सहमति जुटाएको छ।

त्यस्तै, आरक्षण समूहमा थारू र मुस्लिमलाई थपिएको छ। उपसमितिले सहमति जुटाएअनुसार अब अधिकृत वा सोमाथि एकपटक र त्यसमुनि एकपटक गरी बढीमा दुईपटक मात्र आरक्षण सुविधा पाइनेछ। त्यस्तै, कुलिङ पिरियड दुई वर्ष राख्नेमा उपसमितिमा सहमति जुटेको छ। तर, संवैधानिकलगायतका सरकारी नियुक्तिमा एक वर्ष मात्र कुलिङ पिरियड राख्ने गरी उपसमितिले निष्कर्ष निकालेको छ।

ऐनको पेचिलो प्रमुख विषयमा ट्रेड युनियनसम्बन्धी व्यवस्था पनि एक हो। ट्रेड युनियनको चर्को दबाबबिच विद्यमान व्यवस्थालाई नै यथावत् राख्ने सहमति उपसमितिले गरे पनि यस सम्बन्धमा आचारसंहिता बनाउने निचोडमा उपसमिति पुगेको छ। ट्रेड युनियनलाई वाञ्छित सीमाभित्र बाँध्ने गरी आचारसंहिता ऐनमै व्यवस्था गर्ने गरी उपसमितिले विषय टुंग्याएको छ।

ऐनको विधेयकका सम्बन्धमा उपसमितिले तयार गरेको प्रतिवेदन आजै समितिमा बुझाउने तयारी छ। बुधबार नै प्रतिवेदन बुझाउने भनिए पनि नभ्याइएकाले बिहीबार बुझाउने तयारी छ। विधेयकका सबै दफामा सर्वसम्मति भने कायम भएको छैन। सदस्यहरूका अनुसार असहमति पनि समेटेर प्रतिवेदन बुझाउने तयारी छ।

नौ दिन बित्यो...

पृष्ठ १ बाट क्रमशः

घटनासँग सम्बन्धित फाइलको पूर्ण स्वामित्व हामीकहाँ आइपुगेको छ। घटना सम्बन्धमा केही अनुसन्धान भएका छन्। नयाँ ढंगले घटनाको अनुसन्धान अघि बढ्छ,' उनले भने। कुसाङले ना.७ख १६५२ नम्बरको ट्रकमा लुकाएर विदेशी मुद्रा रसुवाको केरुङतर्फ लैजान लाग्दा अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले ट्रकसहित उनलाई पक्राउ गरेको थियो। बरामद रकम रातभर लगाएर पनि प्रहरीले गणना गर्न नसकेपछि राष्ट्र बैंकबाट मेसिन ल्याएर गनिएको थियो। गणनापछि प्रहरीले सबै नोट विभाग त पठायो, तर प्रत्येक नोटको नम्बर लेख्न सकेको थिएन। यत्तिकै विभागले अनुसन्धानको फाइल बुझ्न मानेको थिएन। सनाखत नहुने देखिएपछि अनुसन्धानमा संलग्न प्रहरी टोली पुनः नोटको नम्बर लेखनमा लागेको थियो। विभागका अनुसार नोटको नम्बर लेख्न नै सात दिन लाग्यो। महानिर्देशक घिमिरेले भने, 'नोटको नम्बर नलेखी सनाखत हुँदैन। बरामद सबै नोटको नम्बर अनिवार्य रूपमा लेख्नुपर्छ। यस कार्यमा हामीले पनि प्रहरीलाई सहजीकरण गरिदियौँ। नोटका सबै नम्बर लेखिएपछि फाइल हामीकहाँ ह्यान्डओभर भयो।'

नबिल बैंक लिमिटेड, बाग्लुङ्ग शाखा को तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१२/१४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी र कम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (बागलुङ्ग शाखा, बागलुङ्ग)**

औद्योगिक व्यवसाय ऐन २०७६, बमोजिम प्रदेश सरकार, पर्यटन, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, बागलुङमा मिति २०७९/४/२६ मा उद्योग दर्ता नं. ३७३३/०७९/०८० अन्तर्गत दर्ता भएको **ह्याङ आउट रेष्टुरेन्ट।**
ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २।

ऋणी फर्मका प्रोप्राइटरः
नर बहादुर के.सी.की छोरी पृथी बहादुर खत्रीकी बुहारी चन्द्र बहादुर खत्रीकी श्रीमती बाग्लुङ जिल्ला, कालिका गा.प. वडा नं. ३ स्थायी घर भई बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ८३३ (जारी मितिः ०४८/१/४, स्थान बाग्लुङ) भएकी **कौशिला खत्री।**

ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. पुरन बहादुर क्षेत्रीकी छोरी चन्द्र बहादुर खत्रीकी बुहारी सचिन के.सी.की श्रीमती रुपन्देही जिल्ला, कन्चन गा.पा. वडा नं. ४ स्थायी घर भई हाल बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३७-०२-७४-०३७३४ (जारी मितिः २०७४/०४/२०, स्थान रुपन्देही) भएकी **सुसिला क्षेत्री।**
२. भक्त बहादुर खत्रीको नाति पृथी बहादुर खत्रीको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १४९०७-२६३८ (जारी मितिः २०४४/०५/१२, स्थान बाग्लुङ) भएका **चन्द्र बहादुर खत्री।**
३. पृथी बहादुर खत्रीको नाति चन्द्र बहादुर खत्रीको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ५०-०१-७१-०२२३६ (जारी मितिः २०७१/०८/०७, स्थान बाग्लुङ) भएका **सौरव खत्री।**
४. पृथी बहादुर खत्रीको नाति चन्द्र बहादुर खत्रीको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ५०१००१-३४०२५ (जारी मितिः २०६९/०७/२३, स्थान बाग्लुङ) भएका **सचिन के.सी.।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ३ बस्ने, **चन्द्र बहादुर खत्री**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाग्लुङ जिल्ला, कालिका गा.वि.स. वडा नं. ३, नक्सा सीट नं ३ मा अवस्थित कि.नं. १०१२ क्षेत्रफल ०-२-०-२ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (बागलुङ्ग शाखा, बागलुङ्ग)**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, साविकको श्री ५ को सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, सिद्धार्थनगरमा मिति २०४५/०९/१९ मा प्रा.फ.नं. १२२१/०४५ अन्तर्गत दर्ता भएको **न्यू धौलागिरी इन्टरप्राइजेज।**
ठेगाना : बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. ५।

ऋणी फर्मका प्रोप्राइटरः
गंगाधर सापकोटाको नाति रत्न प्रसाद सापकोटाको छोरा बाग्लुङ जिल्ला, कुश्मी गा.प. वडा नं. ५ स्थायी घर भई हाल बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. १८७३२/९६ (जारी मिति २०४५/६/१३, स्थान बाग्लुङ) भएका **हरिवाबु सापकोटा।**

ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. पिताम्वर पंगेनीकी छोरी, रत्न प्रसाद सापकोटाकी बुहारी हरिवाबु सापकोटाकी श्रीमती, नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं. २ स्थायी घर भई हाल बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २४१३१ (जारी मिति २०५२/१/२९, स्थान नवलपरासी) भएकी **शिला सापकोटा।**
२. रत्न प्रसाद सापकोटाको नाति हरिवाबु सापकोटाको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ५०-०१-७४-००३४० (जारी मिति २०७४/०२/०१, स्थान बाग्लुङ) भएका **रुसन सापकोटा।**
४. रत्न प्रसाद सापकोटाको नाति हरिवाबु सापकोटाको छोरा बाग्लुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ५०-०१-७३-००७४५ (जारी मिति २०७३/०२/१३, स्थान बाग्लुङ) भएका **राहुल सापकोटा।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

सवारी साधन धितोको विवरणः
ऋणी **न्यू धौलागिरी इन्टरप्राइजेज** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश ०१ ०२८ च ८००० भएको Tesla Electric Car.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

प्राधिकरणलाई...

पृष्ठ १ बाट क्रमशः

थिए। तर, शाक्यले मंगलबार कार्यकारी निर्देशकको शपथलगत्तै पदभार ग्रहण गरेपछि राति नै सिंहदरबारस्थित ऊर्जा मन्त्रालयमा मन्त्री खड्काले प्राधिकरण सञ्चालक समितिको पहिलो बैठक राखेर पिपिए खुलाउने ठाडो निर्णय गराए।

स्रोतका अनुसार मन्त्री खड्काले गत पुसमा मन्त्रिपरिषद्बाट स्वीकृत भएको ऊर्जा विकास मार्गचित्रलाई देखाएर ठाडो निर्णय गराएका हुन्। उक्त मार्गचित्रमा सन् २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ। बैठकमा उपस्थित प्राधिकरणको विद्युत् व्यापार विभागका प्रमुख राजन ढकालले आर्थिक दायित्वसँग जोडिएको विषय भएको भन्दै केही समय लिएर सरकारसँग पनि समन्वय गरी निर्णय लिनुपर्ने धारणा राखेका थिए। तर, मन्त्री खड्काले 'मन्त्रिपरिषद्ले साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी कार्यविधि स्वीकृत गरिसक्यो, किन थप स्वीकृति चाहियो ?' भनेर प्रतिप्रश्न गर्दै पिपिए खुलाउने निर्णय गराएको स्रोतले बतायो। बैठकको माइन्युट भने हुन बाँकी छ।

प्राधिकरणका पूर्वसञ्चालक सदस्य कपिल आचार्य यस्तो निर्णय गलत भएको बताउँछन्। 'प्राधिकरणले पिपिए गरेर विद्युत् किन्न सकेन भने पनि भुक्तानी दिनुपर्छ। अर्थात्, प्राधिकरणलाई आर्थिक दायित्व थपिन्छ। त्यसैले, मन्त्रिपरिषद्बाट कोटा निर्धारण गरेर पिपिए गर्ने अभ्यास हो। आर्थिक दायित्वसँग जोडिएको विषय भएका कारण मन्त्रिपरिषद्ले पनि अर्थ मन्त्रालयसँग सहमति लिएर मात्रै पिपिए गर्ने कोटा दिन्थ्यो। यसअघि ०७५ को लक्ष्यअनुसार कायम १५ हजार मेगावाटको कोटा पनि मन्त्रिपरिषद्ले नै तोकेको हो,' उनले भने, 'अहिले सरकारले साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य त लिएको छ। तर, पिपिए नै खुलाउने भनेर मन्त्रिपरिषद्बाट निर्णय भएको छैन। प्राधिकरणको सञ्चालक समितिले पिपिए खुलाउने निर्णय गरेको हो भने पूर्वअभ्यासअनुसार भएन। भविष्यमा यसबाट पर्ने जोखिममा वर्तमान सञ्चालक समिति नै जिम्मेवार हुनुपर्छ।'

मन्त्रिपरिषद्बाटै निर्णय गरेर पिपिए खोल्नुपर्ने विगतका अभ्यासले पनि देखाउँछ। पछिल्लोपटक दुई वर्षअघि ०७९ माघमा १५ सय मेगावाटका पिपिए खोल्दा प्राधिकरणले मन्त्रिपरिषद्बाट स्वीकृत लिएको थियो। मन्त्रिपरिषद्ले ०७९ असारमा स्वीकृति दिएपछि प्राधिकरणले त्यसको सात महिनापछि पिपिए खोलेको थियो। तर, यसपटक भने मन्त्री खड्काले सिधै सञ्चालक समितिबाट पिपिए खोल्ने निर्णय गरेका छन्। बैठकले प्राधिकरणसँग ग्रिड कनेक्सन गरेका निजी जलविद्युत् परियोजनाको पिपिए खुलाउने निर्णय गरेको हो।

हाल ग्रिड कनेक्सन गरेर पिपिए हुन बाँकी परियोजना झन्डै चार हजार आठ सय मेगावाटका छन्। जसमा स्वयं मन्त्री खड्का र उनीनिकट व्यवसायीका परियोजना पनि छन्। १२० मेगावाटको लाङटाङ-भोटेकोशी र ४.७२ मेगावाटको मन्छियाम जलविद्युत् परियोजनामा उनको लगानी छ। खड्का मन्छियाम हाइड्रोपावरको अध्यक्षसमेत हुन्। कुलमान प्राधिकरणको कार्यकारी निर्देशक छँदा नै मन्त्री खड्काले व्यवसायी पवन गोल्यानको ५४ मेगावाटको लोयर अप्सुवा जलविद्युत् परियोजनालगायतको पिपिए गर्न दबाब दिइरहेका थिए। पिपिए खुलाउने नाममा अधिकांश परियोजनाबाट मन्त्री खड्काले अतिरिक्त लाभ लिएको स्रोतको दाबी छ। उनले निर्माण ढिलाइ गरिरहेका परियोजनाको पनि अतिरिक्त लाभ लिएर विद्युत् उत्पादन मिति थप्ने तयारी गरेको स्रोतले बतायो।

१० मेगावाटभन्दा साना परियोजनाको भने नियमित पिपिए हुन्छ। यस्ता परियोजनामा कोटा प्रणाली लागू हुँदैन। ऊर्जामन्त्रीस्तरीय निर्णयमै यस्ता परियोजनाको पिपिए गर्ने अभ्यास छ। प्राधिकरणले पछिल्लोपटक २४ माघ ०८० मा यस्ता परियोजनाको पिपिए खोलेको थियो।

हालसम्म प्राधिकरणले निजी क्षेत्रका १० हजार ३०१ मेगावाटका ४५५ परियोजनासँग पिपिए गरेको छ। त्यस्तै, ९६० मेगावाट विद्युत् सोलार परियोजनाबाट खरिद गर्ने गरी टेन्डर गरेर कम्पनीसमेत छनोट गरिसकेको छ। यसरी प्राधिकरणसँग अहिले ११ हजार २६१ मेगावाटको पिपिए छ। मंगलबारको सञ्चालक समिति बैठकले गरेको निर्णयअनुसार अब चार हजार आठ मेगावाट थप गर्दा प्राधिकरणसँग निजी क्षेत्रतर्फ मात्रै १६ हजार ६१ मेगावाटको पिपिए हुनेछ। प्राधिकरणको आफ्नै परियोजना थप गर्दा त्यो अझै बढ्नेछ। यो अवस्थामा विद्युत् व्यवस्थापन गर्न नसके समस्या हुनेछ। त्यसो त भारतले १० वर्षमा १० हजार मेगावाट विद्युत् किन्ने गरी सम्झौता गरेको छ। यसबाहेक विद्युत् बिक्री गर्न प्राधिकरणले बजार खोज्नुपर्छ। प्राधिकरणले विद्युत् खरिद गर्न सकेन भने सम्बन्धित परियोजनालाई जरिवाना तिर्नुपर्छ, जसले प्राधिकरणको आर्थिक दायित्व बढाउँछ।

प्राधिकरणले हालसम्म ऊर्जा मिश्रण नीतिसहित कोटा प्रणालीमा पिपिए गर्दै आएको थियो। यसअघि ०७५ मा सरकारले ०८५ भित्र १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको थियो। त्यो अवस्थामा मन्त्रिपरिषद्कै निर्णयका आधारमा प्राधिकरणले १५ हजार मेगावाटको कोटामा पिपिए गरिरहेको थियो। त्यसमा मन्त्रिपरिषद्बाटै निर्णय गरेर जलाशययुक्त तथा पम्प स्टोरेजबाट २०-२५ प्रतिशत, अर्धजलाशयबाट २५-३० प्रतिशत, नदीप्रवाहबाट ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोतबाट ५-१० प्रतिशतको अनुपातमा विद्युत् उत्पादन गर्ने र सोहीअनुसार पिपिए गर्ने नीति थियो। पहिला जलाशययुक्त तथा पम्प स्टोरेज र नदीको बहावमा आधारित आयोजना (आरओआर)को ३०-३५ प्रतिशत (५२५० मेगावट) कै कोटा थियो। २४ असार ०७९ मा मन्त्रिपरिषद्ले जलाशययुक्तको १० प्रतिशत विन्दु घटाएर आरओआरमा १० प्रतिशत विन्दु कोटा थप गर्ने निर्णय गरेको थियो। त्यसकै आधारमा ०७९ माघमा प्राधिकरणले नदी प्रवाहमा आधारित परियोजनाको पिपिए १० प्रतिशत (१५ सय मेगावाट) थप गरेको थियो।

पछिल्लोपटक सरकारले पुरानो लक्ष्य विस्थापित गर्दै सन् २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। त्यो अवस्थामा सोहीअनुसार पिपिए खुलाउनुपर्ने आवश्यकता भने थियो। तर, मन्त्रिपरिषद्बाट निर्णय भइसकेको अवस्था छैन। त्यसमा ऊर्जा मिश्रण नीतिअनुसार पिपिए खुलाउनुपर्ने थियो। तर, त्यसलाई बेवास्ता गर्दै मंगलबारको सञ्चालक समितिको बैठकले पिपिए खुलाउने ठाडो निर्णय गरेको एक सञ्चालकले बताए।

'पिपिए नभएसम्म बैंकले परियोजनामा ऋण लगानी गर्दैनन्। त्यसैले पिपिए रोकिँदा निजी जलविद्युत् परियोजनाहरूको विकास निर्माण रोकिएको थियो। त्यो अवस्थामा पिपिए खुलाउनु आफैँमा राम्रो हो। तर, यो उत्तिकै गम्भीर पनि छ,' एक सञ्चालकले भने, 'ऊर्जा मिश्रण नीतिलाई पनि बेवास्ता गरिएको छ। कति विद्युत् जलाशययुक्त परियोजनाबाट ल्याउने ? अर्धजलाशय र आरओआरबाट कति विद्युत् ल्याउने भनेर स्पष्ट नीति चाहिएको थियो, तर सिधै ग्रिड कनेक्सन गरेका सबै परियोजनाको पिपिए गर्ने निर्णय भएको छ। यसमा शंका गर्ने ठाउँ पनि उत्तिकै छ।'

अहिले अधिकांश परियोजना नदी प्रवाहमा आधारित हुँदा बर्खामा आवश्यकभन्दा बढी विद्युत् उत्पादन भएको छ। बढी भएको विद्युत् निर्यात भए पनि कतिपय अवस्थामा खेर जाने गरेको छ। बर्खाको पानी जम्मा गर्न सकिएको छैन। हिउँदमा भने खोलामा पानी घट्दा नेपाललाई पुग्ने पनि विद्युत् उत्पादन हुँदैन। भारतले आफ्नो अनुकूलमा मात्रै विद्युत् दिँदा नेपालमा विद्युत् आपूर्ति प्रभावित भइरहेको छ। त्यो अवस्थामा ऊर्जा मिश्रण अवधारणामा अघि बढ्नुपर्ने आवश्यकता छ। अर्थात्, अर्धजलाशय र जलाशय परियोजना बनाउनुपर्नेछ।

'ग्रिड कनेक्सन गरेका अधिकांश आयोजना नदी प्रवाहमै आधारित छन्। केही समय लिएर ऊर्जा मिश्रण नीति बनाई पिपिए खुलाउनुपर्ने हो। बजार पनि खोज्नुपर्ने थियो। तर, हतारमा निर्णय गरियो,' प्राधिकरण स्रोत भन्छ, 'बर्खामा धेरै विद्युत् हुने, तर खपत गर्न नसक्ने अवस्था आयो भने प्राधिकरणलाई आर्थिक भार पर्न सक्छ।' पिपिए खुलाउन कतिपयसँग त 'लेनदेन'समेत भइसकेको स्रोत बताउँछ। खड्काले निरन्तर दबाब दिए पनि कुलमानले पिपिए गर्न मानेका थिएनन्।

कर्मचारी सरुवा गर्ने अधिकार पनि आफैँमा ल्याउँदै खड्का

कुलमानका कारण प्राधिकरणमा मनमौजी गर्न नपाएका ऊर्जामन्त्री खड्काले शाक्यको प्रवेशसँगै प्राधिकरणका कर्मचारी सरुवा गर्ने अधिकार पनि आफैँमा ल्याउन सुरु गरेका छन्। प्राधिकरणका कर्मचारीको सरुवा, बढुवादेखि काज खटाउनेसम्मका अधिकार सञ्चालक समिति अर्थात् आफूमा ल्याउने गरी मंगलबारकै बैठकबाट 'नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा सर्त विनियमावली, २०७५' को १३औँ संशोधन गर्ने निर्णय गरेका हुन्। जसको प्राधिकरणकै कर्मचारीले पनि विरोध गरिसकेका छन्।

कुलमान छँदै प्राधिकरणमा आफूअनुकूलका कर्मचारी सरुवा गर्न चाहेका उनको प्रयास सफल भएको थिएन। मन्त्री खड्काले पछिल्लोपटक कुलमान हुँदै दुधकोशी जलविद्युत् परियोजनाका सिइओ विमल गुरुङलाई हटाउन लिखित पत्र पठाएका थिए। तर, त्यसमा कुलमानले सहयोग नगरेपछि उनी थप रुष्ट बनेका थिए। स्रोतका अनुसार अब कार्यकारी निर्देशक शाक्यले नै सोहीअनुसार विनियमावली संशोधन गरेर सञ्चालक समितिमा पेस गर्नेछन्।

त्यसलाई सञ्चालक समितिबाट पास गरेर लोकसेवा आयोग पठाइनेछ। लोकसेवाले स्वीकृत गरेपछि कार्यान्वयनमा आउनेछ। 'कर्मचारी सरुवाको अधिकार सञ्चालक समितिमा ल्याउने गरी विनियमावली संशोधन गर्ने निर्णय भएको छ। जुन गलत हो। सञ्चालक समितिले त नीतिगत निर्णय गरेर व्यवस्थापनलाई काम गर्न सहज बनाइदिने हो,' स्रोतले भन्यो, 'कार्यकारी निर्देशकमा हिजो कुलमान थिए, अहिले हितेन्द्रदेव छन्, भोलि अरू कोही आउलान्। सञ्चालक समितिमा पनि अहिले मन्त्री खड्का छन्। भोलि अरू कोही आउलान्। व्यक्ति हेरेर सञ्चालक समितिले निर्णय गर्ने होइन। नीतिगत निर्णय गरेर कार्यकारी निर्देशकलाई काम गर्न बलियो अधिकार दिने हो।'

प्राधिकरणका पूर्वसञ्चालक सदस्य कपिल आचार्य यस्तो प्रस्ताव लोकसेवा आयोगले स्वीकृत नगर्न सक्ने बताउँछन्। 'कार्यकारी निर्देशकलाई काम गर्न सहज हुने गरी कर्मचारी परिचालनको पूर्ण अधिकार दिनुपर्छ। अन्यथा संस्थाकै लक्ष्यअनुसार काम हुँदैन,' उनले भने, 'कर्मचारी परिचालन गर्ने अधिकार सञ्चालक समितिमा लैजाने प्रस्ताव लोकसेवा आयोगले स्वीकृत नगर्न पनि सक्छ।' मन्त्री खड्काले कर्मचारी सरुवा-बढुवाको अधिकार आफूमा खिचेपछि बुधबार विद्युत् प्राधिकरण कर्मचारी कल्याण परिषद् र राष्ट्रिय कर्मचारी युनियनले कार्यकारी निर्देशक शाक्यलाई पत्र लेख्दै विनियमावली संशोधन नगर्न आग्रह गरेका छन्। अन्यथा विरोधको कार्यक्रम गर्ने उनीहरूको चेतावनी छ।

नारायणी यातायात व्यवसायी संघको घरजग्गा बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको ३0 दिने सूचनामा निम्न संशोधन गरिएको बारे

यस संघको घरजग्गा बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आब्ह्वानको सूचना मिति २०८१/१२/१३ गते नयाँ पत्रिकामा प्रकाशित गरिएकोमा सूचनाको शर्त नं. २मा "इच्छुक बोलपत्रदाता(व्यक्ति, फर्म, संस्था वा कम्पनी) ले मिति २०८२/०१/०७ गतेसम्म कार्यालय समयभित्र बोलपत्र फाराम शुल्क रु. ५,०००/- फिर्ता नहुने गरी नगदै बुझाई बोलपत्र फारम खरिद गर्नुपर्नेछ" हुनुपर्नेमा अन्यथा हुन गएकोले संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौंडा-४, पारिजातपथ, मकवानपुर
फोन नं. ०५७-५२०६७०, ५२६०७०

वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि.

बसुन्धरा, काठमाडौं, फोन नं. ०१ ४९७००५१, ४९७००५२

सत्रौं वार्षिक साधरणसभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/१२/१४

यस अस्पतालको मिति २०८१ चैत्र ६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको स्थगित सत्रौं वार्षिक साधरणसभा मिति २०८१/१२/३० गते शनिबारका दिन हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरूको सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने स्थान : गोधुली फुडल्याण्ड एण्ड पार्टी प्यालेस
सभा हुने समय : ८:०० बजे

क) नियमित प्रस्तावहरू
१. आ.ब. २०८०/८१ को बार्षिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति र लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत गर्ने।
२. चालु आ.ब. २०८१/८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने १
३. आ.ब. २०८०/८१ को लागि नियुक्त लेखा परिक्षक अनुमोदन तथा आ.ब. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष प्रस्ताव
१. संस्थाको विनियमावली संसोधन वा पुर्नलेखन सम्वन्धमा।
२. जनशक्ति व्यवस्थापन नियमावली संशोधन अनुमोदन सम्वन्धमा।
३. प्रदेश तथा जिल्लाहरूमा स्वास्थ्य संस्था विस्तार गर्ने सम्वन्धमा।

ग) साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न सञ्चालक समितिको तर्फ बाट १ जना र शेयर सदस्यहरू मध्ये १५ जना तोक्ने।
घ) विविध।

उमेशजंग रायमाझी
अध्यक्ष

संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८१/१२/१४

यस फाईनान्सका निम्न संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्न ईच्छा राखी निवेदन दिनुभएको र उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयरहरु खरिद गरी लिन ईच्छुक हाल कायम रहेका यस संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले सबै संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई संस्थापक शेयर खरिद गरी लिन ईच्छुक भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी संस्थाको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर वा यस संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबी क्यापिटल मार्केट्स लिमिटेड, काठमाण्डौमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको म्यादभित्र निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई बिक्री गर्ने सम्बन्धी आवश्यक कारबाही अघि बढाइने हुँदा सो शेयर लिन ईच्छुक सर्वसाधारणसमेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

संस्थापक शेयरधनीको नाम	शेयर कित्ता
निर्मला राजभण्डारी	२५०६

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np

प्रधानमन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

नेता राजेन्द्र लिङ्देन, एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेलगायतले विपक्षी बेन्च भरिभराउ हुँदा सत्तापक्ष बेन्चको अघिल्लो रो नै खाली थियो। एमाले संसदीय दलका नेता ओली, कांग्रेस दलका नेता शेरबहादुर देउवा, प्रमुख सचेतक श्याम घिमिरे, जनमत संसदीय दलका नेता सिके राउत, जसपा नेपाल संसदीय दलका नेता उपेन्द्र यादव, जसपा संसदीय दलका नेता अशोक राई, नागरिक उन्मुक्ति संसदीय दलका नेता रन्जिता श्रेष्ठ बालुवाटारमा थिए।

प्रधानमन्त्रीको जवाफ मागेर विपक्षीले अवरोध गरेपछि सभामुख देवराज घिमिरेले सत्तापक्षलाई खोजेका थिए। बालुवाटार बैठकमा रहेका सत्तापक्षलाई कुर्नका लागि घिमिरेले सदन लम्ब्याउन कोसिस पनि गरे। तर, विपक्षी दलहरूले नमानेपछि घिमिरेले आधा घण्टाका लागि बैठक स्थगित गरेका थिए।

बिहान साढे ११ बजे सुरु भएको प्रतिनिधिसभामा विपक्षी दलहरू उठेर अवरोध गरेपछि सभामुख घिमिरेले माओवादी उपमहासचिव शक्ति बस्नेतलाई समय दिए। बस्नेतले बक्यौता उठाउन रोक्न र प्राधिकरणलाई बिचौलियाको हातमा सुम्पिन घिसिङलाई गरिएको बर्खास्तीको निर्णय सच्याउन सरकारसँग माग गरे।

'अहिले प्राधिकरणका प्रबन्ध निर्देशकमाथि सरकारले जुन प्रकारको हर्कत गऱ्यो, यसबारेमा आमजनताले चासोका साथ हेरिराखेका छन्, आमजनताको यो चासोप्रति हामी विपक्षीहरूको गम्भीर ध्यानाकर्षण भएको छ, हामी चाहन्छौँ, सरकार यस प्रकृतिको निर्णय फिर्ता लेओस्,' उनले भने, 'साथै, प्रधानमन्त्री आएर सदनलाई यसबारेमा भएका जानकारी तत्काल गराउनुपर्दछ।'

बस्नेतले यति वेला सरकारले दुईतिहाइको सामर्थ्य एउटा राष्ट्रसेवकको मानमर्दन गर्न, अपमानित गर्न र एउटा निश्चित सार्वजनिक संस्थालाई तेजबोध गर्न प्रयोग गरिराखेको टिप्पणी गरे। विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमानलाई विभिन्न बहानामा स्पष्टीकरणको नौटंकी रचेर आफ्नो गलत कर्तुतलाई छोप्ने दुष्प्रयास गरिरहेको उनले बताए। बस्नेत बोलिसकेपछि आधा घण्टाका लागि स्थगित भएको बैठक चलाउन सभामुख घिमिरेले कानुनमन्त्री अजय चौरसियासहित पाँच दलका प्रमुख सचेतकसँग छलफल गरेका थिए। सहमति जुटाउन सूचना टाँसेर तीन बजेसम्मका लागि बैठक स्थगित गराएका थिए।

तर, प्रतिपक्षीले निर्णय मन्त्रिपरिषद्बाट भएको र मन्त्रिपरिषद्को अध्यक्ष प्रधानमन्त्री भएकाले प्रधानमन्त्री नै आएर जवाफ दिनुपर्ने अडान लियो। लामो छलफल गर्दा पनि सत्ता र प्रतिपक्षबिच कुरा नमिलेपछि सभामुख घिमिरेले बैठक भोलि बिहान ११ बजेसम्मका लागि स्थगित गर्ने निर्णय सुनाए।

यही दृश्य राष्ट्रिय सभामा पनि दोहोरियो। बैठकको सुरुवातमा राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले माओवादीका प्रमुख सचेतक गोपी सार्की अछामीलाई बोल्न समय दिएका थिए। सार्कीले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई हटाउने निर्णयको भर्त्सना गर्दै भने, 'प्रधानमन्त्रीले जबसम्म यो सदनमा आएर आफ्नो स्पष्टीकरण दिनुहुन्न, तबसम्म यो सदन नचलाइयोस्।' बैठकमा ऊर्जामन्त्री दीपक खड्का पनि उपस्थित थिए।

विपक्षीले कुलमानको भूमिकाबारे बताउँदा ऊर्जामन्त्री खड्का हाँसिरहेका थिए। १ बजेर २० मिनेटमा सुरु भएको बैठकमा प्रधानमन्त्रीको जवाफ मागेर विपक्षीले बैठकमा अवरोध गरे। विपक्षीको अवरोध भएपछि १५ मिनेटका लागि बैठक स्थगित गरेका राष्ट्रिय सभा अध्यक्ष दाहालले ३:४५ सम्मका लागि सूचना टाँस गरेका थिए। तर, सहमति नजुटेपछि औपचारिकताका लागि ३:५५ मा दोस्रो बैठक सुरु गरियो। विपक्षीको अवरोध जारी नै रहेपछि सभाध्यक्ष दाहालले बिहीबार दिउँसो १२:१५ बजे बस्ने गरी स्थगित गरे।

सदनबाहिर प्रचण्डले भने

'प्रधानमन्त्रीले आएर रोस्टममा जवाफ नदिएसम्म हाउस चल्न सक्दैन। प्रधानमन्त्रीले यसलाई सहज रूपमा लिनुपर्छ। उहाँले आएर स्पष्टीकरण दिनुपर्ने हुन्छ। स्पष्टीकरण चित्तबुझ्दो भए तुरुन्तै हाउस चल्छ। स्पष्टीकरण पनि जालझेलको भयो भने आन्दोलन अगाडि बढ्छ,' सदन स्थगितपछि विपक्षी दलका नेता प्रचण्डले भने।

फेरि बढाइयो...

पृष्ठ १ बाट क्रमशः

बाध्यता छ। 'पहिले नै अर्डर गरेको सामान किन्न पनि पैसा थपेर मात्रै ल्याउनुपर्ने बाध्यता छ। उद्योगीले कार्टेलिङ गरेर खुलेआम भाउ बढाइरहे पनि कतैबाट हस्तक्षेप भएको छैन,' श्रेष्ठले भने। उनले उपभोक्तालाई दैनिक भाउ बढिरहेको भन्दै सम्झाउन पनि गाह्रो हुन थालेको गुनासो गरे।

ठुला पूर्वाधारको निर्माण सिजन सुरु हुने मुख्य सिजनमा भाउ बढेको भन्दै निर्माण व्यवसायीले सरकारको पटक-पटक ध्यानाकर्षण गराए पनि सरकारी निकायले मूल्यमा हस्तक्षेप गर्न सकेका छैनन्। बरु, उद्योगीको संरक्षणमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले अभिव्यक्ति दिइरहेका छन्।

कार्टेलिङ गरेर मूल्यवृद्धि गर्दा मन्त्रीको निरन्तर साथ पाएका उद्योगीले १८ फागुनसम्म ८७ रुपैयाँ रहेको डन्डीको भाउ पटक-पटक गरेर प्रतिकिलो २५ रुपैयाँ वृद्धि गरिसकेका छन्। सिमेन्टको कृत्रिम मूल्य वृद्धिमा जस्तै उद्योगमन्त्री भण्डारीले डन्डीको भाउ नियन्त्रणमा पनि चासो दिएका छैनन्। बरु, संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिमा पुगेर मन्त्री भण्डारीले 'उद्योगमन्त्रीले उद्योगीको पक्षमा नबोलेर केको पक्षमा बोल्ने ?' भन्दै प्रतिप्रश्न गरेका थिए।

अर्कोतर्फ, सिमेन्टको भाउ नियन्त्रण गर्न गत ९ माघको सार्वजनिक लेखा समितिको बैठक निर्देशनलाई पनि मन्त्री भण्डारीले अटेर गरेका छन्। समितिले उद्योगीको कार्टेलिङका कारण सिमेन्टको भाउ वृद्धि भएको निष्कर्ष निकालेको थियो। साथै, अस्वाभाविक रूपले वृद्धि भएको भाउ नियन्त्रणका लागि सरकारी हस्तक्षेप गर्न समितिले निर्देशनसमेत दिएको थियो।

स्क्र्याप फलामको भाउ भने घटाए

सिन्डिकेट गरेर डन्डी उद्योगीले कवाडी फलामको भाउ भने घटाएर किन्ने निर्णय गरेका छन्। कवाडी व्यवसायी महासंघका अध्यक्ष सञ्जय साह कलवारका अनुसार उद्योगीले अहिले स्क्र्याप फलाम प्रतिकिलो ५८ रुपैयाँसम्ममा खरिद गरिरहेका छन्। 'दुई महिनाअघिसम्म स्क्र्याप फलामको भाउ प्रतिकिलो ६२-६४ रुपैयाँ प्रतिकिलो थियो,' उनले भने, 'तर, अहिले सबै उद्योगीले सिन्डिकेट गरेका छन्। प्रतिकिलो ५८ रुपैयाँभन्दा बढीमा कसैले लिँदैनन्।' डन्डी उद्योगका लागि स्क्र्याप फलाम मुख्य कच्चा पदार्थ हो। मेल्टिङमा आधारित स्टिल उद्योगले स्क्र्याप फलामलाई गालेर डन्डी उत्पादनमा प्रयोग गर्ने गरेका छन्।

लोडसेडिङको बहाना बनाएर सिमेन्ट बोरामा बढाइयो ४० रुपैयाँ

उद्योगीले लोडसेडिङको बहाना बनाएर सिमेन्टको भाउ बोरामा ४० रुपैयाँ बढाएका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा मंगलबार दिउँसो ३ बजे सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबिच छलफल भएको थियो। सो छलफलमा निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले ओपिसी र पिपिसी दुवै सिमेन्टको भाउ फेरि बोरामा ४० रुपैयाँ बढेको विभागलाई जानकारी दिएका थिए। उद्योगीले पनि लोडसेडिङका कारण लागत बढेकाले भाउ बढाउन बाध्य भएको तर्क गरेका थिए। भाउ बढेपछि सिमेन्ट प्रतिबोरा न्यूनतम पिपिसी ६५० र ओपिसी आठ सय रुपैयाँ पुगेको सिंहले बताए।

१५ वर्षमुनिका विपन्न बालबालिकाको गंगालालमा मुटुरोगको निःशुल्क उपचार

हजार बालबालिकामध्ये आठदेखि १० जनामा देखिन्छ मुटुसम्बन्धी समस्या

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले १५ वर्षमुनिका बालबालिकाको मुटुसम्बन्धी उपचार निःशुल्क गर्ने भएको छ। स्वास्थ्य मन्त्रालयले सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमार्फत १५ वर्षमुनिका विपन्न परिवारका बालबालिकाको मुटुसम्बन्धी उपचार निःशुल्क गर्ने निर्णय गरेको हो। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले यस्तो निर्णय गरेका हुन्।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार यो नियम बुधबारदेखि नै लागू हुनेछ। उपचारका लागि विपन्न परिवारका बालबालिकाले कुनै पनि शुल्क तिर्नुपर्नेछैन। यसअन्तर्गत औषधिदेखि ल्याबलगायत सबै पर्नेछ। गंगालाल अस्पताल सञ्चालक समिति अध्यक्षसमेत रहेका मन्त्री पौडेलले आर्थिक अभावमा कुनै पनि बालबालिकाको ज्यान नजाओस् भन्ने उद्देश्यसहित यो निर्णय गरेका हुन्। 'नेपालमा सबैभन्दा बढी बालबालिकाको मुटुसम्बन्धी उपचार गराउने सहिद गंगालाल अस्पताल नै हो, त्यसैले यहाँ विपन्नलाई निःशुल्क गरेपछि प्रभावकारी हुन्छ,' डा. बुढाथोकीले भने, 'तर, हामीकहाँ विपन्न भनेर हुनेखानेले पनि निःशुल्क सेवा लिन खोज्छन्, त्यसलाई रोकेर साँच्चै विपन्नका लागि निःशुल्क उपचार सेवा दिनुपर्छ।'

गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका कार्यकारी निर्देशक रवि मल्लले अब विपन्न बालबालिकालाई थप सहज हुने र उनीहरूको उपचारमा शुल्क नलाग्ने बताए। 'मन्त्रीज्यूबाट आर्थिक अभावमा कोही बालबालिकाको उपचार नरोकियोस् भनेर यो निर्णय भएको हो, यसलाई अस्पतालले कार्यान्वयनमा ल्याइसकेको छ, यसको आर्थिक व्यवस्थापन आन्तरिक र अन्य स्रोतबाट हुनेछ,' मल्लले भने, 'हामीकहाँ विपन्न समुदायका बालबालिका पनि उपचारमा आउने गरेका छन्, कतिपय उपचारका लागि आर्थिक अभाव भएर छटपटाउनेसमेत गरेका थिए, त्यस्ता परिवारका लागि यो सकारात्मक काम हो।'

बालबालिकाको मुटु उपचारमा सरकारले छुट्याएकोबाहेक थप खर्च लागेको कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अस्पतालले अध्ययन गर्न उपसमिति बनाउने भएको छ। मंगलबार बसेको अस्पताल विकास समितिको बैठकले थप रकम आवश्यक परेमा कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अध्ययन गर्न उपसमिति बनाउने निर्णय गरेको हो। स्वास्थ्य मन्त्रालयले वार्षिक रूपमा करिब पाँच सय बालबालिकाको शल्यक्रियासहितको मुटुसम्बन्धी उपचारका लागि बजेट व्यवस्थापन गर्दै आइरहेको छ। मन्त्रालयले प्रतिबालबालिका दुई लाख ५० हजार रुपैयाँ सहायता दिइरहेको छ। अब भने विपन्न बालबालिकाको उपचार निःशुल्क हुनेछ। उपचारको सबै खर्च अस्पतालले नै व्यहोर्नेछ। यसबापत मन्त्रालयले आगामी आर्थिक वर्षमा अस्पताललाई बजेटसमेत बढाउनेछ।

१ साउनयता पुससम्म ४८० बालबालिकाले गंगालालबाट शल्यक्रियासहितको उपचार सेवा निःशुल्क पाएका छन्। निःशुल्क भएपछि थप उपचारमा आउनेको संख्या बढ्ने अनुमान गरिएको छ। स्वास्थ्यमन्त्री पौडेलले आर्थिक अभावका कारण कसैको पनि ज्यान नजाओस् भन्ने उद्देश्यले यस्तो निर्णय गरिएको र यसलाई हरेक वर्ष निरन्तरता दिन आवश्यक रहेको बताए। 'आर्थिक अभावमा कोही पनि बालबालिका मुटु उपचारबाट वञ्चित नहोऊन् भन्ने हाम्रो चाहना हो,' उनले भने, 'यसका लागि थप स्रोतको खोजीसमेत गरिनेछ, यो निरन्तर चलिरहनुपर्छ।'

● **प्रदीप पौडेल,** स्वास्थ्यमन्त्री

आर्थिक अभावमा कोही पनि बालबालिका मुटु उपचारबाट वञ्चित नहोऊन् भन्ने हाम्रो चाहना हो। यसका लागि थप स्रोतको खोजीसमेत गरिनेछ, यो निरन्तर चलिरहनुपर्छ।

विपन्न लक्षित बालबालिकाको मुटुसम्बन्धी उपचारलाई व्यवस्थित र निःशुल्क बनाउन बुधबार बसेको अस्पताल सञ्चालक समिति बैठकले फोकल पर्सन पनि तोकेको छ। तथ्यांकअनुसार नेपालमा हरेक वर्ष हजार बालबालिकामध्ये आठदेखि १० जनामा मुटुसम्बन्धी समस्या देखिने गरेको छ। त्यसमध्ये केहीलाई गम्भीर समस्या देखिन्छ। गम्भीर र जटिल समस्या देखिएका बालबालिकाको उपचार सेवा प्रभावित हुन नदिन मन्त्री पौडेलले यस्तो निर्णय गरेका हुन्।

एक वर्षमा ३४ हजार बिरामीको आँखाको निःशुल्क शल्यक्रिया

नेपाल नेत्रज्योति संघअन्तर्गतका विभिन्न अस्पतालबाट एक वर्षमा ३४ हजारभन्दा बढी आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ। संघको देशैभरि छरिएर रहेका २८ आँखा अस्पताल र २२४ आँखा उपचार केन्द्रबाट ३४ हजार ४२५ जना बिरामीको आँखाको निःशुल्क शल्यक्रिया गरिएको हो। संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाको सहयोग तथा अस्पतालको आन्तरिक स्रोतबाट निःशुल्क शल्यक्रिया गरिएको बताए। उनका अनुसार संघको सञ्जालमार्फत सन् २०२४ मा ३२ लाख ६८ हजार ३४ बिरामीको आँखा परीक्षण गरी दुई लाख ५८ हजार ५७५ जनाको शल्यक्रिया गरिएको छ।

नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्दका अनुसार संघअन्तर्गतका अस्पतालले प्रवाह गर्ने गुणस्तरीय सेवाकै कारण छिमेकी मुलुक भारत, बंगलादेश, भुटानलगायतका नागरिकसमेत नेपालमा आँखा उपचारका लागि आउने गरेका छन्। सन् २०२४ मा संघको सञ्जालमार्फत नौ लाख सात हजार ७१ जना अन्य देशका नागरिकको आँखा परीक्षण गरी एक लाख ६२ हजार ८४५ जना बिरामीको शल्यक्रिया गरिएको उनले बताए। 'नेपालको आँखा उपचारको गुणस्तरीयताका कारण अन्य देशका नागरिकसमेत नेपालमा आँखा उपचार गराउने क्रम बढ्दो छ,' चन्दले भने, 'अब बढीभन्दा बढी नेपालीलाई आँखा उपचार सेवा प्रवाह गर्दै देशलाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने गरी सरकारसँगको समन्वयमा आफ्ना योजना र कार्यक्रम अगाडि बढाएका छौं।'

■ न्यायपरिषद्को सुझाव हुँदैन कार्यान्वयन

न्यायाधीश नियुक्ति र सरुवामा जहिल्यै ढिलाइ

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायपरिषद्ले समयमै नियुक्ति तथा सरुवालगायत कार्य गर्न सुझाव दिए पनि जहिल्यै ढिलाइ हुने गरेको छ। गत आर्थिक वर्षको प्रतिवेदनको सुझाव खण्डमा कानुनले तोकेकै अवधिभित्र परिषद्ले तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने सुझाव दिएको थियो।

परिषद्को अभिलेखअनुसार देशभरका जिल्ला अदालतहरूमा पाँच न्यायाधीशको पद रिक्त छ भने सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना हुनुपर्नेमा १७ न्यायाधीश मात्र कार्यरत छन्। उच्च अदालतमा सात मुख्य न्यायाधीश रहनुपर्नेमा तीनजना छन्। उच्च अदालतका १५३ न्यायाधीशमध्ये २२ पद रिक्त छ। हाल परिषद्को नेतृत्व प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले गरिरहेका छन्। सदस्यहरूमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, संघीय कानुनमन्त्री अजयकुमार चौरसिया, वरिष्ठ अधिवक्ताद्वय रामप्रसाद भण्डारी र दामोदर खड्का छन्।

जिल्ला न्यायाधीशको सम्बन्धमा प्रत्येक चैत मसान्तसम्म रिक्त हुने पदसमेतलाई आधार मानी सोही चैत मसान्तसम्म रिक्त न्यायाधीश पदपूर्ति गर्ने कानुनी व्यवस्था छ। सर्वोच्च अदालतमा उमेरहदले अवकाश पाउनुभन्दा एक महिनाअगावै नियुक्ति सिफारिस गरिसक्नुपर्ने प्रावधान छ। तर, सधैँ विविध कारणले ढिलाइ हुने गरेको छ। यस विषयमा वार्षिक प्रतिवेदनको पाँचौँ परिच्छेदमा भनिएको छ, 'उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको सरुवा विविध कारणले यथासमयमा हुन नसकेको हुँदा यथासमयमा हुनुपर्ने देखिन्छ।'

> बार अध्यक्ष गोपालकृष्ण घिमिरेमाथिको विचाराधीन मुद्दा र बारको निर्वाचनका कारण तत्काल अदालतमा नियुक्तिको सम्भावना न्यून

बार अध्यक्ष गोपालकृष्ण घिमिरेमाथिको विचाराधीन मुद्दा र बारको निर्वाचनका कारण तत्काल अदालतमा नियुक्तिको सम्भावना न्यून छ। माघमै परिषद्मा नेपाल बार एसोसिएसनबाट नयाँ सदस्य आए पनि विविध कारणले परिषद् नेतृत्व चुनावपछि मात्र नियुक्ति सिफारिस गर्ने तयारीमा रहेको देखिन्छ। परिषद् भने अझै एक महिना कुर्ने पक्षमा देखिन्छ।

कानुन व्यवसायीहरूको छाता संगठन बार एसोसिएसनको चुनाव २३ चैतका लागि तोकिएको छ। जसपछि नतिजा आउन र शपथग्रहणका लागि वैशाख पहिलो सातासम्म लाग्न सक्छ। नयाँ नेतृत्व आएपछि मात्र त्यसैअनुसार अघि बढ्ने तयारीमा परिषद् नेतृत्व छ।

हाल बार अध्यक्ष घिमिरेमाथि सर्वोच्चमै अदालतको अवहेलना मुद्दा चलिरहेको छ। उनले लेनदेन र हिसाबकिताब मिलाउन अवकाशमा जाने वेला दुई न्यायाधीश नियुक्ति गरेको आरोप लगाएपछि गत १५ असोजमा घिमिरेविरुद्ध अदालतको अवहेलना मुद्दा दर्ता भएको थियो। यो मुद्दाको कारण भने गत वर्षको न्यायपरिषद् नियमावली संशोधन हो। न्यायाधीशहरूको मर्यादाक्रममा हेरफेर गर्ने गरी नियमावली संशोधन भएपछि बारले सबै फोरममा असन्तुष्टि जनाउँदै आएको थियो र संशोधन खारेज नभएसम्म न्यायाधीश नियुक्ति गर्न नहुने माग गरेको थियो। बार अझै पनि उक्त मागमा कायमै छ। 'बारमा नयाँ नेतृत्व आउला र बार्गेनिङ होला भन्ने पक्षमा प्रधानन्यायाधीश देखिनुहुन्छ,' बारका एक पूर्वपदाधिकारी भन्छन्।

तर, परिषद् भने संशोधन खारेजीका लागि अनिच्छुक छ। कर्मचारी वृत्तबाट आएकालाई मुख्य न्यायाधीश र सर्वोच्चमा पुग्न सहज बनाउने गरी संशोधन भएकोमा बारको असन्तुष्टि हो। तर, त्यसलाई मध्यम धारबाट मिलाउने गरी विकल्प पनि आएका छन्। न्यायाधीशको वरिष्ठताक्रम संविधानविपरीत भएको दाबीसहित खारेजीको माग गरिरहेका छन्।

बारकै पूर्वपदाधिकारीले मर्यादाक्रम संशोधन विवादलाई खारेज नगरी नियमावलीमा थप गरेर सुल्झाउन सकिने विकल्प पेस गरेका छन्। बारबाटै न्यायाधीशमा गएका वरिष्ठ अधिवक्तालाई पनि मर्यादाक्रममा न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिसरह हुने गरी राख्न सकिने विकल्प अघि सारेका छन्।

संक्षेप

भूमि अध्यादेशबाट सत्तापक्ष 'ब्याक', संशोधन विधेयक दर्ता हुने

काठमाडौं/ सत्तापक्षले भूमि अध्यादेशलाई संशोधन विधेयकका रूपमा अगाडि बढाउने निर्णय गरेको छ। प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बुधबार बसेको सत्तारूढ गठबन्धनको बैठकले त्यस्तो निर्णय गरेको हो। भूमि अध्यादेशप्रति सत्तारूढ दलभित्रै एकमत नभएपछि नियमित संशोधन विधेयकका रूपमा अगाडि बढाउने निर्णय भएको हो। जसपा नेपाल र लोसपाले अध्यादेशको विरोध गर्दै अर्को नयाँ विधेयक ल्याउनुपर्ने अडान राख्दै आएका थिए। विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्तगीको विरोध गर्दै बुधबारबाट विपक्षी दलहरूले संसद् अवरोध गरेपछि भूमि अध्यादेशलाई प्रतिस्थापन विधेयकका रूपमा अगाडि बढाउने सम्भावना तत्काल टर्ने देखिएपछि सत्तापक्ष अर्को बाटो रोज्ने निष्कर्षमा पुगेको हो।

तीन वर्षपछि नेपाल-भारत गृह सहसचिवस्तरीय बैठक

काठमाडौं/ नेपाल-भारतबिच सीमा व्यवस्थापनबारे गृह मन्त्रालयका सहसचिवस्तरीय बैठक बिहीबारदेखि सुरु हुने भएको छ। बैठक शुक्रबारसम्म चल्नेछ। सीमा व्यवस्थापनबारे संयुक्त कार्य समूह (जेडब्लुजी)को १३औं बैठक पोखरामा हुन लागेको हो। गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जेडब्लुजीको बैठक स्वीकृत गरेको थियो। नेपालका तर्फबाट गृह मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीले बैठकको नेतृत्व गर्दै छन्। भारतबाट पनि गृह मन्त्रालयका सहसचिव नेतृत्वको प्रतिनिधिमण्डल बुधबार नेपाल आएको छ। हरेक वर्ष बस्नुपर्ने यस्तो बैठक तीन वर्षपछि बस्न लागेको हो। यसअघि सन् २०२२ मा भारतमा बैठक बसेको थियो। सीमा क्षेत्रमा देखिएका समस्या समाधानका लागि समन्वयको उद्देश्यले यस्तो संयन्त्र बनाई छलफल हुँदै आएको छ। खासगरी सीमा सुरक्षासम्बन्धी विषयमा बैठकमा छलफल हुने गृह मन्त्रालयका एक अधिकारीले बताए। बैठकमा सुरक्षा निकाय, परराष्ट्र तथा नापी विभागका अधिकारीसमेत सहभागी हुनेछन्। बैठकमा सीमास्तम्भ मर्मत तथा पुनर्स्थापनका विषयमा पनि छलफल हुने गृह मन्त्रालय स्रोत बताउँछ।

दोहोरो सुविधा लिएको भन्दै सातै प्रदेशका मुख्यमन्त्रीविरुद्ध अदालतमा रिट

काठमाडौं/ दोहोरो सुविधा लिइरहेको भन्दै सातै प्रदेशका मुख्यमन्त्रीविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। अधिवक्ता चन्द्रप्रसाद भुसालले बुधबार दायर रिटको पेसी बिहीबारका लागि तोकिएको सर्वोच्च प्रशासनले जनाएको छ। रिटमा सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ र सहरी विकास मन्त्रालयलगायतलाई विपक्षी बनाइएको छ। साथै, प्रदेशका मुख्यमन्त्री र मन्त्रिपरिषद् कार्यालय र त्यहाँका प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाइएको छ। ललितपुर महानगरपालिकाअन्तर्गतको भैँसेपाटीमा झन्डै १५० रोपनी जग्गामा राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, उपसभामुख तथा मन्त्रीहरूका साथै सातै प्रदेशका प्रमुख र मुख्यमन्त्रीको आवास/सम्पर्क कार्यालय निर्माण गरिएकोमा उक्त निर्माण रोकिनुपर्ने माग निवेदनमा छ। राज्यकोषको अनावश्यक खर्च रहेकाले यो रोकिनुपर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने निवेदनको भनाइ छ।

पोखरामा अमेरिकी नागरिकको अपहरण, हेटौँडाबाट उद्धार

पोखरा/ नेपाल घुम्न आएकी अमेरिकी महिलाको पोखरामा अपहरण भएको छ। उनलाई उद्धार गरी प्रहरीले अपहरणमा संलग्न एकजनालाई पक्राउ गरेको छ। मुक्तिनाथ जान पोखरा पुगेकी ७० वर्षीया अमेरिकी महिलालाई अपहरण गरी मकवानपुरको हेटौँडा उपमहानगरपालिका- १९ नेवारपानीबाट प्रहरीले उद्धार गरेको हो। अपहरणमा संलग्न नुवाकोटको बेलकोटगढी- ४ की ३७ वर्षीया सरिता लामालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी निरीक्षक अविनाशदीप जिसीले बताए। कास्कीको लेकसाइडस्थित एक होटेलबाट ती पर्यटकलाई चिनजानकै व्यक्ति सरिताले अपहरण गरेकी हुन्। अपहरणपछि उनले तीन लाख युरो फिरौती मागेको प्रहरीले जनाएको छ।

■ इटहरीको सेन्ट्रल प्लाजामा आगलागी, ११ जनाको उद्धार

अग्ला भवनमा लागेको आगो नियन्त्रणमा सधैँ समस्या

इटहरीमा **आरबी कटवाल**

सुनसरीको इटहरी उपमहानगरपालिका- ६ स्थित मुख्य चोकमा रहेको व्यापारिक भवन सेन्ट्रल प्लाजामा बुधबार बिहान लागेको आगो ६ घण्टापछि नियन्त्रणमा आएको छ। बिहान ९:४१ बजे सुरु भएको आगो दिउँसो साढे ३ बजे पूर्ण रूपमा नियन्त्रणमा आएको हो।

१६ दमकल, क्रेन र २९७ सुरक्षा जनशक्ति प्रयोग गरेर आगलागी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सुनसरीका एसपी सुमनकुमार तिम्सिनाले बताए। प्लाजाको छैटौँ तलाबाट सुरु भएको आगलागीले सातौँ तलासम्म क्षति गरेको छ। 'होटेल वा कार्यालयको किचेनबाट आगलागी सुरु भएको अनुमान छ, तर यकिन भइसकेको छैन,' वडाध्यक्ष दिवस पोखरेलले भने, 'आगो निभाउने क्रममा पाँचौँ र अन्य तलामा पनि क्षति भएको छ। तर, आगलागीकै कारण छैटौँ र सातौँ तलामा क्षति भएको छ।' आगलागी नियन्त्रणमै लिन दिनभर लागेकाले क्षतिबारे बिहीबार मात्र थाहा हुने उनले बताए।

आगलागी नियन्त्रणका लागि सुनसरी र मोरङका विभिन्न स्थानीय तहका १६ दमकल प्रयोग गरिएको थियो। दिउँसो करिब २ बजेतिर राउत कन्स्ट्रक्सन विराटनगरबाट आएको क्रेनको सहायताले आगो निभाउन सहज भएको हो। आगलागी नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नगर प्रहरी गरी २९७ जनशक्ति परिचालन गरिएको थियो। प्रहरीका अनुसार सो क्रेनको सहयोगमा आगलागी भएको छैटौँ तलाको भित्रसम्म पानी फ्याँक्न सहज भएको थियो। भवनमा आपत्कालीन द्वारसमेत नहुँदा उद्धारमा पनि कठिनाइ भएको हो। प्लाजाभित्र फसेका तीन महिला र आठ पुरुष गरी ११ जनाको उद्धार गरिएको छ। उद्धारका लागि काठमाडौंबाट आएको सेनाको हेलिकोप्टर पनि परिचालन भएको थियो। एक महिला र दुई पुरुष गरी तीनजना सामान्य घाइतेसमेत भएका छन्।

अग्ला भवनमा हुने आगलागी नियन्त्रण गर्न समस्या हुने गरेको छ। स्थानीय तहसँग भएका दमकलले दुई-तीन तलाभन्दा माथि पानी पुर्‍याउन समस्या हुने गरेको उद्योग वाणिज्य संघ इटहरीका अध्यक्ष जीवन पराजुलीले बताए। 'नयाँ प्रविधियुक्त दमकल आवश्यक देखिएको छ,' उनले भने, 'स्थानीय तहले समेत यस विषयमा चासो दिनुपर्छ।' एसपी सुमनकुमार तिम्सिनाले अग्ला भवन बनाउँदा विपत्लाई समेत मध्यनजर गर्दै बाहिरबाट आवश्यकताअनुसार चढ्न मिल्ने सिँढी निर्माण गर्नुपर्ने बताए।

गाउँपालिका अध्यक्षसहित दुईजनाविरुद्ध फेरि तीन दिन म्याद थप

लहान/ सिराहाको औरही गाउँपालिका- ५ मा हुन गइरहेको विष्णु महायज्ञस्थलबाट कथित 'अछुत' भन्दै घर भत्काएर विस्थापित गरिएको घटनाका मुख्य प्रतिवादी गाउँपालिका अध्यक्षसहित दुईजनाविरुद्ध बुधबार अनुसन्धानका लागि दोस्रोपटक पुनः तीन दिनको म्याद दिइएको छ। सिराहा जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको इजलासले गाउँपालिका अध्यक्ष शिवजी यादव र औरही- ५ का पूर्ववडाध्यक्ष दिलीपकुमार यादवलाई दोस्रोपटक तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमित दिएको स्रेस्तेदार नीरज पोखरेलले जानकारी दिए। उनका अनुसार त्यसअघि १० चैतमा र न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको इजलासले दुवै प्रतिवादीलाई पहिलोपटक ८ चैतदेखि लागू हुने गरी पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो।

महायज्ञ आयोजक समितिका अध्यक्षसमेत रहेका पालिका अध्यक्ष र सचिव रहेका पूर्ववडाध्यक्षलाई प्रहरीले ८ चैतमा पक्राउ गरेको थियो। घर भत्काइएपछि पीडित बनेका दीपक मल्लिकले जिल्ला प्रहरी कार्यालय सिराहामा दिएको जातीय भेदभाव तथा छुवाछुत कसुरसम्बन्धी किटानी जाहेरी ९ चैतमा दर्ता भएको थियो। महायज्ञका मूल पुजारी भनिएका बजरंगी बाबालाई समेत किटानी जाहेरीमा प्रतिवादी बनाइएको छ।

१० वर्षमा ३३ हजार सैनिकका परिवारलाई सहुलियतपूर्ण कर्जा

नयाँ पत्रिका

पूर्वसैनिकहरू जागिर छाडेर विदेश मात्र गइरहेका छैनन्, स्वदेशमै उद्यमी बन्ने क्रम पनि बढेको छ। नेपाली सेनाको सैनिक कल्याणकारी बोर्डले प्रदान गर्ने सहुलियतपूर्ण कर्जाले धेरै पूर्वसैनिक तथा उनीहरूको परिवारलाई उद्यमी बनाउन सघाएको छ। त्यसमध्ये एक हुन्, सुर्खेतको लेखबैंसी गाउँपालिका- ५ का पूर्वहुद्दा कृष्णबहादुर रमौली। उनले ६ वर्षअघि सात लाख रुपैयाँ ऋण लिएर गाउँमै प्रिस्किला कृषि तथा पशुपन्छी फार्म सञ्चालन थालेका थिए। अहिले उनी नमुना किसान बनेका छन्। कुखुरा र बंगुर पालन गरिरहेका उनी शुक्रबार सुर्खेतमा आयोजित भूपू सैनिक सम्मेलनमा प्रधानसेनापति अशोकराज सिग्देलबाट सर्वोत्कृष्ट कृषकका रूपमा सम्मानित भए।

'पहिला लघुवित्तबाट ऋण लिएको थिएँ, त्यसको ब्याजको ब्याज तिर्नुपर्दा घाटा भयो,' कृष्णबहादुर भन्छन्, 'सेनाको कल्याणकारीबाट सहुलियतको ऋण पाएपछि धेरै सहज भयो, १० वटा बंगुर र ब्रोइलर कुखुराको फार्म चलाएको छु, राम्रै आम्दानी भइरहेको छ, दुईजनालाई गाउँमै रोजगारी पनि दिएको छु। यसकै आम्दानीले ५-६ जना टुहुरा बालबालिकालाई पढाउँदै आएको छु।' पूर्वसैनिकहरू जागिर छाडेर धेरै विदेश जाने गरेको भए पनि स्वदेशमै यसरी सहुलियत कर्जा लिएर धेरै काम गर्न सकिने उनको सुझाव छ।

बाँकेको कोहलपुर- ६ की एकल महिला शोभा बिसी पनि अहिले एसआइडी गार्मेन्टको मालिक बनेकी छिन्। पूर्वसैनिककी श्रीमती भएका आधारमा उनले सहुलियतपूर्ण कर्जा पाएकी हुन्। सुरुमा उनले तीन लाख लिएर कस्मेटिक पसल चलाएकोमा पछि फेन्सी पसल चलाइन्। फेन्सी पसलबाट पनि राम्रो भएपछि अहिले गार्मेन्ट उद्यमी भएकी छिन्। नौजना कर्मचारी राखेर व्यवसाय चलाउँदै आएकी उनी भन्छिन्, 'सहुलियतपूर्ण कर्जाले नै आज कस्मेटिक पसलदेखि गार्मेन्ट उद्यमी बन्न पाएकोमा खुसी छु।' उनी पनि शुक्रबार सुर्खेतमा लुम्बिनी प्रदेशबाट सर्वोत्कृष्ट उद्यमीका रूपमा पुरस्कृत भएकी छिन्।

सुर्खेतमा आयोजित भूपू सैनिक सम्मेलनमा प्रधानसेनापति अशोकराज सिग्देलबाट सर्वोत्कृष्ट कृषकका रूपमा सम्मानित शोभा बिसी, कलावती बुढामगर र विमला श्रेष्ठ।

कैलालीको गोदावरी नगरपालिका- ३ मा भागेश्वर बाख्रा फार्म चलाउँदै आएकी कलावती बुढामगरको जिन्दगी पनि सेनाको सहुलियतपूर्ण कर्जाले फेरिएको छ। करिब ६ वर्षअघि एक लाख रुपैयाँ कर्जा लिएर उनले व्यावसायिक बाख्रा पालन सुरु गरेकामा अहिले यसबाट वर्षमा तीन-चार लाख रुपैयाँ आम्दानी हुने गरेकी उनी बताउँछिन्। 'बाख्रा पालनबाटै तीन छोरालाई पढाएँ,' उनी भन्छिन्, 'श्रीमान् पनि अवकाशपछि यसैमा लाग्नुभएको छ।' बिहीबार कैलालीमा आयोजित भूपू सैनिक सम्मेलनमा सुदूरपश्चिमको सर्वोत्कृष्ट उद्यमीका रूपमा उनी सम्मानित भएकी छिन्। आफूहरूले उत्पादन गरेका सामान सेनाकै ब्यारेकमा खरिद गर्ने नीति भएमा आफूहरूलाई अझै प्रोत्साहन मिल्ने उनको सुझाव छ।

कञ्चनपुरकी एकल महिला विमला श्रेष्ठले पनि कल्याणकारी बोर्डले प्रदान गरेको सहुलियत कर्जाबाट रोजी मल्टी ट्रेड कन्सर्न स्थापना गरी व्यवसाय बढाउँदै आएकी छिन्। अझै धेरै कर्जा दिए व्यवसाय अझै विस्तार गर्ने आफ्नो योजना रहेको विमलाको भनाइ छ। उनी सुदूरपश्चिमबाट उत्कृष्ट उद्यमीका रूपमा सम्मानित भएकी छिन्।

■ विनाधितो १५ लाखसम्म दिइन्छ कर्जा

सेनाका अवकाशप्राप्त सैनिक तथा आश्रित परिवार एवं बहालवाला सैनिकका परिवारको जीवनस्तर उत्थानका लागि १० वर्षअघि नेपाली सेनाले सहुलियतपूर्ण कर्जा कार्यक्रम सुरु गरेको हो। कल्याणकारी बोर्डका कार्यकारी प्रमुख पूर्वरथी गौरव तन्डुलका अनुसार हालसम्म ३३ हजार २७९ जनालाई यस्तो कर्जा प्रदान गरिएको छ। अवकाशप्राप्त तथा एकल महिलातर्फ २३ हजार १८५ तथा बहालवालातर्फ १० हजार ९४ जना गरी सात अर्ब ६७ करोड ६२ लाख कर्जा प्रदान गरिसकेको छ। बोर्डले नेपाल इन्भेस्टमेन्ट बैंकसँगको सहकार्यमा विनाधितो १५ लाख रुपैयाँसम्म यस्तो कर्जा उपलब्ध गराउँदै आएको छ। यस्तो कर्जाले धेरै पूर्वसैनिक तथा उनीहरूको परिवारलाई उद्यमी बनाएको र विदेश पलायनसमेत रोकेको सैनिक अधिकारीहरू बताउँछन्।

इन्भेस्टमेन्ट मेगा बैंकका कृषि विभागका प्रमुख अमन श्रेष्ठका अनुसार कल्याणकारी बोर्डसँगको सहकार्यमा बहालवाला तथा पूर्वसैनिकहरूलाई देशभरिकै शाखाबाट सहज रूपमा यस्तो कर्जा उपलब्ध गराइँदै आइएको छ। अहिले यस्तो कर्जामा २.३७ प्रतिशत मात्र ब्याज पर्ने उनको भनाइ छ।

गरिबमाथि औरही सरकारको थप अपराध

यतिवेला स्थानीय सरकारका हर्ताकर्तालाई नाम र सहभागिताका लागि जनता तथा कामका लागि बेथिति र भ्रष्टाचार भए पुग्छ

● राजेश विद्रोही

अग्रलेख

चौतर्फी चर्चा र विरोधको केन्द्रमा रहेको सिरहा औरहीको घटनाले यतिवेला मिडिया, संसद् र सामाजिक सञ्जाल तताएको छ। सुरुवातमा प्रहरी प्रशासनले मौनता साधे पनि चौतर्फी दबाबका कारण गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवलाई प्रहरीले पक्राउ गरेको छ। शनिबार पीडित दीपक मरिकले तीनजनामाथि उजुरी दर्ता गराएका छन्। तर, पीडक पक्ष भने गल्ती स्विकार्न तयार छैन। बरु घटना दबाउन र मिलाउन अनेक प्रपञ्च गरिरहेको छ। औरहीको स्थानीय सरकारले एकपछि अर्को गल्ती गर्दै अपराधको पक्षपोषण गरिरहेको छ।

पीडकहरू पक्राउसँगै विपक्षीका तर्फबाट ज्यान मार्ने धाकधम्की बढेपछि पीडितहरू विस्थापित हुने स्थितिमा छन्। अर्कातिर विभिन्न प्रलोभनमा पारेर मिलाउने प्रयास पनि भइरहेको छ। जनता आवास कार्यक्रमअन्तर्गत सरकारले नै बनाइदिएको दुईकोठे घर धार्मिक यज्ञका नाममा स्थानीय सरकार प्रमुख शिवजी यादवले डोजर लगाएर उठिवास लगाएपछि उनीहरूको विचल्ली भएको हो। अहिले सारिएको ठाउँमा पनि डोम परिवारको अवस्था नाजुक छ। आफूलाई कथित उच्च जात भनिएका केही जनप्रतिनिधि तथा बुद्धिजीवीहरू अहिलेको ठाउँ पहिलाको भन्दा महँगो र महत्त्वपूर्ण रहेको भ्रम छर्दै हिँडेका छन्। जो सर्वथा गलत छ। उनीहरू आफ्नो नश्लीय तथा उच्च जातिवादी धार्मिक अन्धतालाई स्विकार्ने पक्षमा छैनन्। अपराधलाई ढाकछोप गर्ने मनसायबाट ग्रसित छन्।

जुन स्थानमा महायज्ञ हुँदै छ, त्यो ऐलानी जग्गा हो। त्यो जग्गामा गाउँपालिकाको कृषि शाखाको भवन पनि छ। सरकारी बजेटमै त्यहाँ अन्य दुई भवन पनि बनेका छन्। गाउँपालिकाको भवन पनि छ। जतिवेला यी भवन थिएनन्, त्यतिवेला करिब १० वर्षअगाडि नै दीपकलाई गाउँलेले आफ्नो समाजिक धार्मिक काम टार्न त्यहाँ बसाएका थिए। खोल्सामा रहेकाले वर्षामा घरभित्रै पानी पस्थ्यो। अहिले उनीहरूको घरसम्मै कथित उच्च जातिको बस्ती फैलियो। उनले पाल्ने सुँगुरको गन्ध र फोहोर सबैको नजरमा बिजायो। तर, उनीहरूलाई परिवर्तन र व्यवस्थापन गर्नुको साटो त्यहाँबाट कसरी उठिवास लगाउने भन्नेतिर सबै केन्द्रित भए। जग्गाको महत्त्व पनि बढ्यो। यतिका वर्ष संरक्षण गरेर बसेको जग्गाको लालपुर्जा दिनुको साटो स्थानीय सरकारले नै यज्ञको नाममा डोजर चलाएर उठिवास लगायो।

जनता आवास कार्यक्रममार्फत बल्लतल्ल पाएको दुईकोठे पक्की घरमा दुई दाजुभाइको दर्जनभन्दा बढी सदस्य कोचिएर बस्नुपर्दा पनि डोम परिवार खुसी थिए। तर, त्यो खुसी धेरै दिन टिकेन। पक्की घर बनेको पाँच वर्ष नपुग्दै उनीहरूको उठिवास भयो। घटनाले डोम परिवारको निद्रा र भोक खोसेको छ। भूमिहीन सुकुम्बासी तथा 'अनागरिक' अल्पसंख्यक डोम परिवारलाई अहिलेसम्म तीन ठाउँमा सारिएको छ। तीस वर्षदेखि बसोवास गर्दै आएको सो स्थानमा अन्य समुदायका घर पनि थिए। तर, उनीहरूको घरमा डोजर चलेन। अहिले त्यो सार्वजनिक जग्गामा स्थानीय सरकारले दुइटा सरकारी भवन पनि निर्माण गरेको छ। गाउँपालिकाको नयाँ भवन पनि छ। गाउँपालिकाको गेटछेउमै डोम परिवारको पक्की घर थियो। त्यहाँ उनले सानोतिनो पसल थापेर रोजगार बन्न सक्थे। तर, अहिले जुन ठाउँमा सारिएको छ, त्यो हुलाकी सडकमा पर्छ। हुलाकी सडक विस्तार भयो भने त्यहाँबाट पनि विस्थापित हुने स्थिति छ। हुलाकी सडकको भित्तामा माटो भरेर बनेको त्यो फुसको टहरा वर्षामा भत्किने र भासिने अवस्थामा छ। खोला किनारमै छ घर। बाढी-पहिरोमा डुबान हुने खतरा उत्तिकै छ। गएरातिको सामान्य हावाहुरी र वर्षाले अहिले नै घरवरिपरि पानी जमिसकेको छ। पालिकामा सरसफाइकर्मीका रूपमा जागिरे दीपक दम्पतीको तलब महिनाको ३६ हजार छ। जसको भरमा उनीहरूले आफ्नो जीविका चलाउँदै आएका छन्। पछिल्लो घटनापछि उनीहरूको रोजीरोटी खोसिने त्रास छ। पटक-पटकको धाकधम्कीका कारण उनीहरू समस्यामा छन्।

पत्रकार सम्मेलनमा अध्यक्ष यादवकै कुरा बाझिएको छ। आफू गायत्री धार्मिक परिवारको भक्त रहेकाले छुवाछुत नमान्ने दाबी गरेका छन्। तर, डोम परिवारमाथिको योजनाबद्ध आक्रमणले उनी कति अन्ध धार्मिक तथा जातिवादी छन्, त्यो लुकाएर पनि लुक्ने अवस्था छैन। यसअघि पनि चुनाव जित्नुअघि उनले स्थानीय मुसहर समुदायलाई भारतको पन्जाबमा लगेर श्रमशोषण गरेको र कपाली तमसुक बनाएर असुली धन्दा चलाएको आरोप पनि छ। कुरा त्यति मात्र छैन, पछिल्लो समय मिटरब्याज कारोबारमा पनि उनीमाथि मुद्दा छ।

स्थानीय समिदा खातुन अध्यक्ष शिवजी यादवको धेरै नजिकको मान्छे थिइन्। चुनावमा उनको सारा परिवार खटेका थिए। चुनावका वेला कतारमा रहेका छोरालाई मुस्लिम भोटका लागि बोलाइयो। चुनाव प्रचारका क्रममा समिदाका छोराले चलाएको मोटरसाइकल दुर्घटनामा एक महिलाको मृत्यु भयो। त्यस मुद्दामा समिदाका छोराले सिराहाको कारागारमा करिब वर्षदिन बस्नुपर्‍यो। तर, शिवजीले कुनै पहल र चासो लिएनन्।

कतारमा पसल चलाएर बसेको उनका छोराले जेलबाट निस्किन त्यहाँका साथीभाइबाट करिब बीस लाख ऋण लिएर मृतक परिवारलाई क्षतिपूर्ति दिएर छुटे। उनी फेरि कतार हानिए। त्यहाँ साथीभाइको सापटी वेलैमा तिर्न नसक्दा उता पनि जेल परेका छन्।

खातुनको पारिवारिक सम्बन्धका कारण उनले आफूले किनेको चार कठ्ठा जग्गा दाजुभाइको अंश लाग्ने डरले शिवजीकी श्रीमतीको नाउँमा पास गरिदिइन्। एक वर्षपछि समिदाले छोरीको विवाहका लागि यादवसँग सयकडा तीन रुपैयाँको दरमा पाँच लाख ऋण लिइन्। केही वर्षपछि जग्गा फिर्ता गराउन हिसाबकिताब गर्न पुग्दा यादवले आफ्नो ८० लाख पुगेको सुनेपछि खातुन छानाबाट खसेजस्तै भइन्। यति धेरै पैसा कसरी चुक्ता गर्ने मुस्लिम परिवार तनावमा परे। तनावकै कारण उनका श्रीमान् बिरामी छन्।

> अहिले जातीयता र धर्मका रक्षक तथा पोषकका रूपमा तीनै तहका सरकार खासगरी स्थानीय सरकार निकै अगाडि देखिएका छन्

समिदाको हुलाकी सडकछेउमै कुखुराको मासु 'कटिङ सेन्टर' छ। जसबाट उनीहरूको दुःखजिलो जीविका चलिरहेको छ। शिवजी यादवले चुनावका वेला जनतालाई कुखुराको मासु बाँड्ने जिम्मेवारी उनैलाई दिएका थिए। चुनावपछि हिसाबकिताब गर्ने भनेर उनले चुनावभरि करिब सात लाखबराबरको ५२ क्विन्टल मासु फोनका भरमा बाँडिन्। तर, उनले अहिलेसम्म त्यो पैसा पनि पाएकी छैनन्। चार कठ्ठा जग्गा पनि गयो। छोरो विदेशको जेलमा छन्। श्रीमान् सुगर रोगले थला परेका छन्। यही चिन्ताले उनी मर्नु न बाँच्नुको अवस्थामा छिन्। समिदाले आफ्नो जग्गा फिर्तीका लागि मिटरब्याजी कानुनमा उजुरी पनि दिएकी छिन्। तर, उनले न्याय पाउन सकेकी छैनन्। प्रहरी प्रशासनले उल्टै आफूलाई यतिको मासु कहाँबाट कसरी ल्याएर दिएको भनेर यातना दिएको उनको गुनासो छ।

निर्वाचित भएदेखि हरेक वर्ष औरही सरकार अर्थात् शिवजी यादवले महायज्ञ गर्दै आएका छन्। तर, त्यसको हिसाबकिताब सार्वजनिक नगर्दा समितिमै ठुलो विवाद छ। उनले धर्मका नाममा सरकारी बजेटदेखि चिठ्ठा, चन्दा तथा बाहिरबाट ल्याइएको रकमसमेत कुम्ल्याउँदै आएका छन्। यही १७ चैतदेखि सुरु हुने भनिएको विष्णु महायज्ञका लागि अध्यक्ष यादवको नेतृत्वमा ३१ सदस्यीय समिति बनेको छ। समिति बनेलगत्तै महायज्ञको तयारी सुरु भएको छ। महायज्ञ गराउन धनुषाको सबैला घर बताउने बजरंगी बाबा त्यहाँ पुगेका छन्। उनको निर्देशनमा यज्ञ समितिले चन्दा संकलन तथा मूर्ति र अन्य भौतिक पूर्वाधार निर्माणको काम गरिरहेको छ। यतिखेर डोम परिवारको सर्वस्व हरणका लागि सबै शक्ति लागिपरेका छन्। जागिरबाट हटाइदिने धाकधम्की मात्र नभई उनीहरूको स्वतन्त्र अभिव्यक्तिको समेत चिरहरण भइरहेको छ। यस घटनामा प्रहरी प्रशासन (प्रजिअ वासुदेव दाहाल र एसपी रमेश पण्डित) को पनि ठुलो लापरबाही रहेको देखिन्छ। गाउँपालिका अध्यक्ष यादवको प्रभावमा परेर घटनास्थलमा अनुसन्धान गर्न पुग्दा उनीहरूले पीडितलाई पीडककै अगाडि राखेर पञ्चायती शैलीमा सार्वजनिक रूपमै घटनाको सोधपुछ गरे। जहाँ पीडित परिवारलाई सहमतिमै घर भत्काइएको हो भन्न बाध्य पारियो।

अध्यक्ष यादवले कहिले सो सार्वजनिक जग्गा तरकारी मन्डीका लागि ठेक्का लगाउन तीनपटक सूचना दिएर खाली गरिएको भनेका छन् भने कहिले उनैले डोमसँग कागजी सहमति गरेर घर भत्काएको भनेका छन्। जबकि ऐलानी-पर्ती जग्गा खाली गर्न २७ कात्तिकमै बनेको समितिले अहिलेसम्म कार्यादेश पाएको छैन। पालिका अध्यक्षले नै कार्यादेश नदिएको र रोकेको समिति सदस्य अमिरी यादवले बताएका छन्। यसरी ऐलानी-पर्ती छुट्याउने समितिले कार्यादेश नै नपाएको अवस्थामा जग्गा खाली गर्न गाउँपालिकाले जारी गरेको सूचनाको अर्थ के हुन्छ ? यसो हेर्दा अध्यक्ष यादवले दलितमाथि गरेको ज्यादतीको अपराधबाट बच्न अपराधमाथि अपराध गरिरहेका छन्। तर, सार्वजनिक रूपमा गल्ती स्विकार्ने पक्षमा छैनन्। यतिसम्म कि उनको पार्टी जसपाले समेत उनलाई जोगाउन विज्ञप्ति निकाल्नुका साथै ज्ञापनपत्रसमेत बुझाइसकेको अवस्था छ।

राजनीतिक दलहरू पछिल्लो समय बदनाम हुनु र उनीहरूप्रति नागरिकमा वितृष्णा पैदा हुनुमा ठुलो कारण केही छैन। उनीहरू आफ्नो नीति सिद्धान्त र विचारबाट स्खलित भएर चुनावमा केवल एउटा सिट जित्नकै लागि आफ्ना असल नेता-कार्यकर्तालाई टिकट नदिई गलत उम्मेदवारविरुद्ध गलत उम्मेदवार खडा गर्ने र जित्ने होडबाजीले राजनीतिक अस्थिरता तलैसम्म मौलाएको छ। उपेन्द्र यादव नेतृत्वको जसपाले औरहीमा शिवजी यादवलाई नै लोकप्रिय उम्मेदवार भनेर चुनावमा टिकट दियो र चुनाव जितायो पनि। तर, यसको असर पार्टीलाई कति पर्‍यो, त्यो हिसाबकिताब गर्नुभन्दा पीडकलाई संरक्षण गर्नेतर्फ नै जसपा नेपाल लागिपरेको देखिन्छ। अरूले गर्दा हुने हामीले गर्दा किन नहुने भन्ने मनस्थितिबाट उनीहरू पनि ग्रसित छन्।

पछिल्लो समय तीन तहकै सरकारले मानव जीवन विकास कार्यमा आफ्नो बजेट खर्च नगरी जातीय र धार्मिक रूपमा सारा बजेट मठमन्दिर तथा भौतिक निर्माण कार्यलगायत मेलाठेला र खेलकुद कार्यमा बढी केन्द्रीकृत गरेको देखिन्छ। औरही सरकार र दरबारको यज्ञकाण्ड एउटा उदाहरण मात्र हो। अनुसन्धान गर्दै जाने हो भने स्थानीय सरकारको करिब ९० प्रतिशत बजेट त्यहीँ खर्च भइरहेको छ। जसमा बेथिति र भ्रष्टाचार गर्न सजिलो छ। त्यसैले यतिवेला धर्मभिरु जातिवादी, सामन्ती तथा दोस्रो दर्जाका 'राजा'हरू जनप्रतिनिधि छन्। उनीहरू अधिकांश विपन्न दलितविरोधी छन्। उनीहरूलाई निर्वाचनमा दलितको भोट र अन्य दिनमा उनको दास र हनुमान भए पुग्छ। चुनाव जितेपछि तिनलाई वरिपरि आफ्नो जाति, पार्टी, धर्म र परिवार भए पुग्छ, अरू केही चाहिँदैन। बाँकी उनलाई दुहाई दिन, सलामी गर्न तथा उनको पार्टी कार्यक्रममा औपचारिकता निर्वाहका लागि उपस्थिति जनाइदिए पुग्छ। तिनलाई नाम र सहभागिताका लागि जनता र कामका लागि बेथिति र भ्रष्टाचार भए पुग्छ। यसर्थ, यतिवेला जातीयता र धर्मका रक्षक तथा पोषकका रूपमा तीनै तहको सरकार खासगरी स्थानीय सरकार अगाडि देखिएको छ। यी घटना सत्य होइन भने उनीहरूले भनेजस्तै हामी हिन्दुहिन्दु एक हौँ विभेद र छुवाछुत छैन र गर्दैन हिन्दु धर्मले भने, दलितभित्र अछुतको पनि अछुत कोटीमा पर्ने डोमलाई आयोजित यज्ञभूमिमा डोम परिवारकै हातबाट खाना पकाएर खाएको र देउता घरभित्र प्रवेश गराएको सार्वजनिक रूपमा भिडियो समाचार सम्प्रेषण गर्ने हिम्मत गरियोस्, घामझैँ छर्लंग हुनेछ।

---

३ प्रश्न

नेपाल शिक्षक महासंघका अध्यक्ष **लक्ष्मीकिशोर सुवेदी**लाई

तपाईंहरू लामो समयदेखि आन्दोलन किन गर्दै हुनुहुन्छ ?

यो राज्यले हाम्रा माग सुनेन। राज्यले यो देशमा शिक्षक, कर्मचारी पनि छन् भन्ने महसुस नै गरेन। हामीले विद्यालय, विद्यार्थी, त्यहाँ कार्यरत कर्मचारी तथा शिक्षकका हकहितका लागि विभिन्न माग राखेर पटकपटक गरेका आन्दोलनपछि राज्यका तर्फबाट कहिले ३० बुँदे, कहिले ५१ बुँदे त कहिले ६ बुँदे सहमति गरियो। तर, सहमतिका ती बुँदा हस्ताक्षर गरिएका कागजमै मात्र सीमित रहे। तिनको कार्यान्वयनका लागि राज्य पक्ष कहिल्यै गम्भीर र इमानदार देखिएन। त्यसैले, अहिले हामी सोही सहमति कार्यान्वयन गरियोस् भन्ने एकसूत्रीय माग राखेर आन्दोलन गरिरहेका छौँ।

बन्दै गरेको शिक्षा विधेयकमा तपाईंहरूका कुनै पनि माग सम्बोधन भएका छैनन् ?

कतिपय माग सम्बोधन भएका पनि छन् तर अधिकांश मागको सम्बोधन हुन सकेको छैन। विधेयकले सम्बोधन गर्न नसकेका बुँदालाई माननीय सांसदहरूले संशोधन प्रस्तावमा समेट्नुभएको छ। विधेयकमा शिक्षकको बढुवा, अस्थायी शिक्षकको स्थायित्व, सरुवालगायत अनेकौँ विषय छुटेका छन्। हामीसित यसअघि गरिएका सहमतिका बुँदालाई पूरै बेवास्ता गरेर ल्याउन लागिएको शिक्षा ऐन, बिल्कुलै अनुचित छ।

विद्यालय शिक्षाको स्तर सुधारका लागि चाहिँ के गर्दै हुनुहुन्छ ?

तथ्यांकमा हेर्ने हो भने विगतको तुलनामा पछिल्लो समयको विद्यालय शिक्षाको गुणस्तर क्रमशः सुधार हुँदै गएको छ। पञ्चायतकालको एएलसीको उत्तीर्ण प्रतिशतभन्दा बहुदलकालको एसएलसी उत्तीर्ण प्रतिशतमा उल्लेख्य सुधार भएको थियो। अहिले गणतन्त्रकालको एसइई परीक्षाको नतिजा हेर्दा त्यसमा झनै सुधार देखिएको छ। खोजेजति सुधार नभएको हुन सक्छ। तर, सुधार हुँदै भएन, गुणस्तर खस्कियो भन्नुचाहिँ हामीलाई लाञ्छित गराउने भाष्य मात्र हो। तथ्यले त्यस्तो भन्दैन।

प्रेरक प्रसंग

बाँदरको शिक्षा

एक पोथी बाँदर आफ्नो बच्चाका साथमा एउटा रुखको हाँगामा बसिरहेकी थिई। बच्चाले भन्यो- आमा, मलाई भोक लाग्यो, के तपाईं मलाई खानयोग्य केही पात टिपेर दिन सक्नुहुन्छ ? आमा बाँदर हल्का मुस्कुराई र भनी- दिन त सक्छु, तर आफ्ना लागि तिमी आफैँले पात टिप्नु राम्रो हुन्छ।

बच्चाले उदास हुँदै भन्यो- तर म त राम्रा पात चिन्दिनँ नि आमा ! आमाले भनी- तिमीसँग दुई विकल्प छन्। यो रुखलाई राम्ररी हेर। तिमीले चाहेमा तलका हाँगाबाट पुराना, छिप्पेका र कडा पात टिप्न सक्छौ। अथवा, माथिका मसिना हाँगाबाट ताजा, कलिला र नरम पात टिपेर खान सक्छौ। बच्चाले भन्यो- यो ठिक विकल्प भएन आमा ! राम्रा, नरम र ताजा पात तलतलका हाँगामा किन पलाउँदैनन् ? आमा बाँदरले भनी- महत्त्वपूर्ण कुरा नै यही त हो। सबैको पहुँचमा त्यस्ता पात हुन्थे भने ती सबैका लागि कसरी उपलब्ध हुन्थे त ? पलाउन लाग्दानलाग्दै सबैले चुँडेर खाइहाल्थे नि ! बच्चाले चिन्तित हुँदै भन्यो- तर, यी मसिना हाँगामा चढ्नु खतरनाक साबित हुन सक्छ। मेरा गोडा चिप्लिन पनि सक्छन्। म तल खसेँ भने घाइते हुन पनि त सक्छु।

आमा बाँदरले भनी- सुन छोरा, जहिल्यै यो कुरालाई मनमा राख्नू, हामी आफ्नो दिमागमा खतराको जुन तस्बिर बनाउने गर्छौं, प्रायः खतरा त्योभन्दा निकै कम हुने गर्छ। बच्चाले फेरि प्रश्न गर्‍यो- त्यसो हो भने हाम्रा सबै साथी र आफन्तहरूले तिनै हाँगाबाट ताजा, कलिला र नरम पात टिपेर किन खाँदैनन् त ? आमा बाँदरले केही सोची र भनी- किनकि, अधिकांश बाँदरहरूमा डराएरै बाँच्ने बानी परिसकेको हुन्छ। उनीहरूमा तिनै सडेगलेका, छिप्पेका, कडा पात खाएर त्यसैको गुनासो गर्ने बानी परिसकेको हुन्छ। उनीहरू खतरा मोलेरै भए पनि ताजा र नरम पात खाने कोसिस गर्दैनन्। तर, तिमी कहिल्यै यस्तो नगर्नू। यो जंगल अनेकौँ सम्भावनाले भरिएको छ। आफ्नो डरमाथि विजय हासिल गरेर तिमी जस्तो जिन्दगी बाँच्न चाहन्छौ, त्यसैगरी रमाएर बाँच। आमाको कुरा सुनेर आफूले के गर्नुपर्छ भन्ने बच्चाले बुझिसकेको थियो। उसले तत्काल आफ्नो डरलाई पछाडि छाडेर ताजा, नरम र कलिला पात टिपेर आफ्नो भोक मेटायो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अर्यालको लेखको आशय

११ चैतको नयाँ पत्रिकामा डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'को 'कुशासनमा जेलिएको गणतन्त्र' शीर्षकको लेख पढेँ। केपी ओली तिनै व्यक्ति हुन्, जसले गणतन्त्रलाई 'बयलगाडा चढेर अमेरिकाको यात्रा' भनेका थिए। आज उनैका कारण पूर्वराजा र उनका समर्थक जुर्मुराएका हुन्। तर, गणतन्त्रको असली रखवाला त प्रचण्ड नै हुन्। प्रदेश निर्माणको वेला प्रचण्डले चितवनमा भनेका थिए- कुनै पनि हालतमा चितवन मधेशमा गाभिनेछैन। त्यसवेला प्रचण्ड 'डिप स्टेट'को जालमा फसेका थिए। डिप स्टेट तपाईंको जालमा फस्दैन, तपाईंको उपयोग मात्र गर्छ।

नाता कुटुम्ब र आफ्नामा फसेका अजुर्नलाई कृष्णले सम्हालेका थिए। अन्यथा, अर्जुनको हालत पनि त्यही हुन्थ्यो, जुन अभिमन्युको भएको थियो। अझै पनि सम्हालिने वेला बाँकी नै छ, जसको सुरुवात प्रचण्डले गरी पनि सकेका छन्। यसवेला जनताले उनीतिरै हेरिरहेका छन्। छाड्नुस् नाता कुटुम्ब र आफ्नाको मोह। फेरि एकपटक तिनै प्रचण्ड बनेर देखाइदिनुस्, जसले जंगल पसेर विद्रोहको नेतृत्व गरेका थिए। अर्को युद्धको सुरुवात भइसकेको छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज

शिक्षकका माग सुन सरकार !

विगतका सहमति कार्यान्वयनमा सरकार गम्भीर नभएको भन्दै शिक्षकहरू लामो समयदेखि आन्दोलनरत छ। उनीहरू एक सातादेखि धर्नामा पनि बस्दै आएका छन्। शिक्षकहरूले हाल जारी एसइईलगत्तै आन्दोलन चर्काउने घोषणा गरिसकेका छन्। उनीहरूले एसइईपछि आन्दोलन चर्काए भने त्यसको असर एसइईको उत्तरपुस्तिका परीक्षणमा पनि पर्नेछ। सरकारले आगामी ७ असारमा नतिजा प्रकाशित गर्ने भनी मिति पहिल्यै घोषणा गरिसकेको अवस्थामा आन्दोलनले अप्ठ्यारो पार्न सक्छ। त्यसैले, समयमै शिक्षकका माग सुन।

● **अतुल राई**
लाजिम्पाट, काठमाडौं

व्यवस्थापन सुधार गर

नेपाल वायु सेवा निगमले तीन महिनापछि बल्लतल्ल आन्तरिक उडान सुरु गरेको समाचार पढियो। तर, यो निगमको व्यवस्थापनमा सुधार भएर उडान सुरु भएको पक्कै होइन। निगमको व्यवस्थापन निकै अस्तव्यस्त छ। भ्रष्टाचार चर्को छ। भएको जहाजसमेत निजी क्षेत्रलाई फाइदा पुर्‍याउने नियतले ग्राउन्डेड गराइन्छन्। सिट पूरै खाली हुँदा पनि प्याक भयो भनेर टिकट काटिन्न र निजी क्षेत्रलाई फाइदा पुर्‍याइन्छ। त्यसैले, निगमको व्यवस्थापनमा तत्काल सुधार गर।

● **शोभिता खनाल**
गुर्जुधारा, काठमाडौं

कुलमान हटाउनेलाई चिनौँ

नेपाललाई दशकौँसम्म लोडसेडिङको अँध्यारोमा राख्नेहरू को थिए ? तिनै तत्त्वहरू आज कुलमान घिसिङलाई हटाउने अभियानमा अगाडि देखिन्छन्। बिचौलियाहरू, ठुला उद्योगी, भ्रष्ट प्रशासक र स्वार्थी राजनीतिक नेताहरू, जसले सधैँ जनताको भन्दा आफ्नै स्वार्थलाई प्राथमिकता दिए। कुलमानले विद्युत् प्राधिकरणलाई नाफामा ल्याए, चुहावट रोक्दै ऊर्जा व्यवस्थापनलाई पारदर्शी बनाए, तर यिनै उपलब्धिले उनी स्वार्थी समूहको तारो बने।

ऊर्जामन्त्री, ठुला व्यवसायीको चलखेल र सरकारभित्रका शक्ति केन्द्र मिलेर कुलमानलाई हटाउने निर्णय गरे। किनभने, उनले उद्योगपतिहरूको अर्बौंको बक्यौता उठाउन खोजे, भ्रष्टाचारमा संलग्न बिचौलियाको कमिसन बन्द गरिदिए, अनि नेपाललाई ऊर्जामा आत्मनिर्भर राष्ट्र बनाउन चाहे। जब सुशासन स्थापित गर्ने व्यक्ति प्रणालीका लागि असह्य बन्छ, तब उनैलाई हटाइन्छ। कुलमान पनि त्यसैको सिकार बने। अब इमानदार र निष्ठावान् नेतृत्वलाई टिक्न नदिने प्रवृत्तिलाई चिन्नैपर्छ। कुलमानलाई हटाउनेहरू को को हुन् ? तिनका स्वार्थ के के थिए ? जनताले अब यस्ता निर्णय गर्नेहरूलाई चिन्नुपर्छ, बुझ्नुपर्छ भविष्यमा हिसाबकिताब गर्नुपर्छ।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

डिजिटल साम्राज्यवादतर्फ उद्यत् अमेरिकी प्रविधि कम्पनी

अमेरिकी प्रविधि कम्पनीले अन्य देशका नियमलाई चुनौती दिन अमेरिकी कानुनलाई हतियारका रूपमा प्रयोग गरिरहेका छन्

देश/विदेश

● यास्मिन कुर्जी दे मेन्दोन्का ● क्यामिले ग्रेनियर

एक्सजस्ता सामाजिक सञ्जाल मञ्च राष्ट्रिय सीमाभन्दा बाहिर सञ्चालित छन् र यिनका प्रयोगकर्ता विश्वभर फैलिएका छन्। तर, मिथ्या सूचना, उग्रवाद र अनलाइन बदमासीजस्ता समस्यालाई नियन्त्रण गर्न सरकारले गर्ने नियमन प्रयास प्रायः अमेरिकी प्रविधि कम्पनीको हितसँग मिल्छ। सरकारले नियमनको प्रयास गरिरहँदा यी कम्पनीले कर्पोरेट लबिङ, राजनीतिक हस्तक्षेप र अभिव्यक्ति स्वतन्त्रताको कानुनी संरक्षणको आडमा प्रतिरोध जनाउँदै आएका छन्। नतिजा डिजिटल शासनको विषयमा विश्वव्यापी संघर्ष चर्किँदै छ, जहाँ अमेरिकी प्रविधि कम्पनीले अन्य देशका नियमलाई चुनौती दिन अमेरिकी कानुनलाई हतियारका रूपमा प्रयोग गरिरहेका छन्। विभिन्न विज्ञ यसलाई 'डिजिटल साम्राज्यवाद'का रूपमा हेर्छन्।

फेब्रुअरी २०२५ मा ब्राजिलको न्यायपालिका र अमेरिकी सामाजिक सञ्जाल प्लेटफर्मबिच तनाव बढ्यो। ट्रम्प मिडिया एन्ड टेक्नोलोजी ग्रुप र रम्बलले अमेरिकी अदालतमा ब्राजिलका सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्द्रे डे मोराएसविरुद्ध मुद्दा दायर गरे, जहाँ मोराएसले मिथ्या सूचनासँग जोडिएका एकाउन्ट निलम्बन गर्न दिएको आदेशलाई चुनौती दिइयो। यसअघि इलोन मस्कको एक्सले पनि यस्तै ब्राजिली आदेश रोक्ने असफल प्रयास गरिसकेको थियो। यी घटनाले अमेरिकी राजनीतिक तथा प्रविधि कम्पनीले विदेशी नियमनलाई कमजोर पार्न अमेरिकी कानुनलाई विश्वभर प्राथमिकता दिने प्रवृत्ति बढ्दै गएको देखाउँछन्। यस विवादको केन्द्रमा प्रभावशाली ब्राजिलियन दक्षिणपन्थी नेता इलन दोस सान्टोस छन्, जो सन् २०२१ मा ब्राजिलले मिथ्या सूचनाको सञ्जाल सञ्चालन गरेको र हिंसा भड्काएको आरोपमा उनको गिरफ्तारी आदेश दिएपछि अमेरिका फरार भएका थिए। ब्राजिलले उनको सुपुर्दगी गर्न अनुरोध गरे पनि अमेरिकी अधिकारीले यसलाई आपराधिक मुद्दाभन्दा अभिव्यक्ति स्वतन्त्रताको मामिला भन्दै उपेक्षा गरेका थिए।

ट्रम्प मिडिया र रम्बलको मुद्दाले ब्राजिलको न्यायिक कारबाहीलाई नियमन नभई सेन्सरसिपका रूपमा चित्रित गर्न खोज्छ र यसलाई क्षेत्रीय अतिक्रमणका रूपमा देखाउँछ। लक्ष्य अमेरिका रहेकाले पहिलो संशोधनअनुसार अमेरिकी अभिव्यक्ति स्वतन्त्रताको संरक्षण लागू हुन्छ भन्ने उनीहरूको दाबी छ। प्रतिबन्धित व्यक्ति ब्राजिली नागरिक भएकाले वा उनले ब्राजिलमा गलत सूचना र घृणा फैलाएको आरोप भए पनि यसले फरक नपर्ने उनीहरूको तर्क छ। फेब्रुअरीमा फ्लोरिडास्थित एक न्यायाधीशले ब्राजिलको अदालतको आदेश पालना गर्न नपर्ने भन्दै ट्रम्प मिडिया र रम्बलका पक्षमा फैसला गरेका छन्।

यस मुद्दाले प्लेटफर्म उत्तरदायित्वको संघर्षमा महत्त्वपूर्ण परिवर्तन संकेत गर्छ, जहाँ कर्पोरेट लबिङ र राजनीतिक दबाबबाट सीधै विदेशी अदालतको फैसलामा कानुनी चुनौती दिने प्रवृत्तिमा रूपान्तरण भएको छ। अमेरिकी अदालत अब विश्वभरिका नियमनविरुद्ध प्रयोग भइरहेका छन्, जसको प्रभाव ब्राजिल बाहिर युरोपियन युनियनजस्ता क्षेत्रमा पनि पर्न सक्छन्। डिजिटल नियमनविरुद्धको प्रतिरोध ट्रम्प प्रशासनअघिदेखि नै चल्दै आएको छ। ब्राजिलमा गुगल, मेटा र एक्सजस्ता ठुला प्रविधि कम्पनीले कडा नियमनको विरोध गर्दै यसलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको खतरा भनेर चित्रण गर्दै आएका छन्। सन् २०२० मा 'फेक न्युज बिल'को विरोधमा ती कम्पनीले व्यापक लबिङ र प्रोपगान्डा अभियान नै सञ्चालन गरेका थिए, जसले नियमन प्रक्रियालाई सुस्त र कमजोर बनाउने काम गर्‍यो। गुगलले आफ्नै ब्राजिलियन होमपेजमा कानुनविरुद्धको सन्देश राख्यो भने मेटाले डिजिटल अर्थतन्त्रमा पर्ने असरबारे विज्ञापन सञ्चालन गर्‍यो।

तस्बिर : रिकी क्यारोइटी/गेटी इमेजेस

कर्पोरेट र राजनीतिक शक्तिबिचको सीमा अस्पष्ट हुँदै गएको छ, जहाँ ट्रम्प मिडिया र इलन मस्कजस्ता व्यक्ति अमेरिकी संविधानको पहिलो संशोधनको आडमा विदेशी डिजिटल नियमनको विरोध गरिरहेका छन्। अमेरिकी अभिव्यक्ति स्वतन्त्रता असमान रूपमा लागू गरिएको छ, जसले द्वेषी भाष्यलाई संरक्षण दिँदै फरक मतलाई दबाइरहेको छ।

कर्पोरेट भाष्यको सुरक्षा डिजिटल प्लेटफर्ममा फैलिएको छ र अमेरिकी अधिवक्ता विदेशी कानुनी ढाँचाको विरोध गर्न अमेरिकी अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्ने प्रयास गर्दै छन्। यो ब्राजिल र जर्मनीजस्ता देशको दृष्टिकोणको ठिकविपरीत छ, जहाँ अभिव्यक्ति स्वतन्त्रतालाई अन्य अधिकारसँग सन्तुलित गर्नुपर्ने मानिन्छ। अमेरिकी संविधान पहिलो संशोधनले अधिकांश लोकतन्त्रभन्दा बृहत्स्तरमा अभिव्यक्ति स्वतन्त्रता प्रदान गर्छ।

प्लेटफर्म नियमनको कानुनी संघर्ष केवल अमेरिका-आधारित प्लेटफर्म र ब्राजिलबिचको संघर्षमा सीमित छैन। युरोपियन युनियनको डिजिटल सेवा ऐन र बेलायतको अनलाइन सुरक्षा ऐनजस्ता उदाहरण पनि छन्, जसले सामाजिक सञ्जाल मञ्चमा नियन्त्रण राख्ने प्रयास गरिरहेका छन्। ट्रम्प मिडिया र रम्बलको ब्राजिलको सर्वोच्च अदालतविरुद्धको मुद्दा विश्वव्यापी राजनीतिको महत्त्वपूर्ण मोडको संकेत हो। मेटाजस्ता अमेरिकी प्रविधि धनाढ्य कम्पनी ट्रम्प प्रशासनबाट आएको अभिव्यक्ति स्वतन्त्रताको पक्षमा गइरहेका छन् र मस्कले विदेशमा रहेका उग्र-दक्षिणपन्थी समूहलाई समर्थन गरिरहेका छन्।

सामाजिक सञ्जाल मञ्चको नीति प्राथमिकता र अमेरिकी राजनीतिक चासोबिचको यो मिश्रणले नयाँ युगको सुरुवातको संकेत गर्छ, जहाँ अभिव्यक्ति स्वतन्त्रता समर्थकले कानुनी नजिर बनाउने प्रयास गर्दै छन्। यसले अन्य राष्ट्रको नियमन प्रयासलाई चुनौती दिन सक्छ। जबसम्म विभिन्न देशले डिजिटल क्षेत्रको व्यवस्थापन गर्नका लागि नियम बनाउँदै छन्। ब्राजिल र युरोपियन युनियनमा एआई नियमनका लागि कानुन निर्माण गरिँदै छ। सामाजिक सञ्जालले यी नियमको विरोध गर्ने तौरतरिका ठुला कम्पनीको शक्ति र सार्वजनिक सुरक्षाका कानुनी आवश्यकताबिचको भविष्यको सन्तुलन निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्नेछन्।

(मेन्दोन्का भर्जिनिया विश्वविद्यालयकी अनुसन्धान सहायक हुन्, ग्रेनियर फोरम अन इन्फर्मेसन एन्ड डेमोक्रेसीका कार्यकारी निर्देशक हुन्)

द कन्भर्सेसनबाट

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
२.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
३.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
४.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
५.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
६.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
७.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
८.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० विगाहा (१५७४.६१ वर्ग मिटर) को जग्गा ।
९.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
१०.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
११.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा ।
१२.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
१३.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
१४.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
१५.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
१६.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
१७.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
१८.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
१९.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा।
२०.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
२१.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
२२.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
२३.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
२४.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
२५.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
२६.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
२७.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
२८.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
२९.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
३०.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
३१.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा ।
३२.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
३३.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
३४.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
३५.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
३६.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
३७.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
३८.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
३९.	सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
४०.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
४१.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
४२.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३११४ को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा ।
४३.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
४४.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४५.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
४६.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
४७.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/ज स्थित कित्ता नं. १२२५ को क्षेत्रफल १-०-२-० (रोपनी) को घरजग्गा ।
४८.	मकवानपुर जिल्ला, बासामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २७९४ को क्षेत्रफल १३५४.५२ (व.मि) को जग्गा ।
४९.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
५०.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
५१.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
५२.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
५३.	रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
५४.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
५५.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
५६.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
५७.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
५८.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
५९.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
६०.	कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
६१.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च (हाल उर्लाबारी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
६२.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।
६३.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
६४.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा ।
६५.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
६६.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
६७.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
६८.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
६९.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा ।
७०.	भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स. वडा नं. ७/७ ग (हाल सूर्यविनायक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा ।
७१.	सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ३/ख स्थित कित्ता नं. ६१०९ को क्षेत्रफल ४२३.२५ (व.मी.) को घरजग्गा ।
७२.	सुर्खेत जिल्ला गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल विरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७८ को क्षेत्रफल ०-०-१५$^{1/2}$ (बिगाह) को घरजग्गा ।
७३.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. २) स्थित कित्ता नं.३०८६ र ४२८६ को क्षेत्रफल क्रमशः १-४-१६-० र ०-२-२-० (विगाह)को जग्गा ।
७४.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. २/२ख (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा र झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा ।
७५.	पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ५ग (हाल फिदिम न.पा. वडा नं.४) स्थित कित्ता नं. १५३ को क्षेत्रफल ५-५-२-३ (रोपनी) को जग्गा ।
७६.	बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा ।
७७.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा ।
७८.	काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल: तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
७९.	मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं.८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाह) को जग्गा ।
८०.	तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमशः ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा ।
८१.	सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा ।
८२.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
८३.	रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा ।
८४.	धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ स्थित कित्ता नं. २३५१ को क्षेत्रफल ८८४.२७ (व.मि) को घरजग्गा ।
८५.	ललितपुर जिल्ला, चापागाँउ न.पा/गा.वि.स. वडा नं. ४ क (हाल गोदावरी न.पा. वडा नं. ११) स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-७-०-० (रोपनी) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

रुस र युक्रेनबिच 'कृष्ण सागर' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्ने सहमति

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्तापछि मंगलबार रुस र युक्रेनले कृष्ण सागर र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न सहमति जनाएका छन् । अमेरिकी वार्ताकारले साउदी अरबको राजधानी रियादमा युक्रेन र रुसका प्रतिनिधिमण्डलबिच तीन दिनसम्म छुट्टाछुट्टै भेटवार्ता गरेपछि यस्तो सहमति बनेको हो ।

अमेरिकी राष्ट्रपतिको कार्यालय (ह्वाइट हाउस) ले एक वक्तव्य जारी गर्दै दुवै देश 'सुरक्षित पारवहन सुनिश्चित गर्न, बल प्रयोग अन्त्य गर्न र कृष्ण सागरमा सैन्य आक्रमण रोक्न' सहमत भएको बताएको छ । त्यसबाहेक दुवै देशले एक-अर्काको ऊर्जा पूर्वाधारमा आक्रमणमा प्रतिबन्ध लगाउने उपाय पनि खोजी गर्ने सहमति जनाएको संयुक्त राज्य अमेरिकाले जनाएको छ ।

उता क्रेमलिनले भने रुसको कृषि क्षेत्रमाथिको प्रतिबन्ध हटेपछि मात्र कृष्ण सागरमाथिको आक्रमण रोक्ने सम्झौता लागू हुने बताएको छ । यसअघि नै गत हप्ता रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ३० दिनसम्म ग्यास (इन्धन)को पाइपलाइन, विद्युत् गृह र तेल प्रशोधन केन्द्रमा आक्रमण बन्द गर्ने सहमति जनाएको अमेरिकाले बताएको छ ।

सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेदेखि कठोर पश्चिमा प्रतिबन्ध खेपिरहेको रुसलाई पहिलो राहतका रूपमा 'रुसी कृषि र मललाई विश्व बजारमा पहुँच पुनर्स्थापना गर्न मद्दत गर्ने' ह्वाइट हाउसले बताएको छ ।

संयुक्त राज्य अमेरिकाले रुसी कृषिमा प्रत्यक्ष रूपमा प्रतिबन्ध लगाएको थिएन । तर, अन्तर्राष्ट्रिय लेनदेनका लागि प्रयोग गरिने भुक्तानी प्रणालीमा पहुँचलाई सीमित गरेको थियो । मस्कोले रुसी कृषि बैंक र खाद्यान्नको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न अन्य वित्तीय संस्थामाथि लगाइएको प्रतिबन्ध फुकुवा भएपछि र सरल अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीमा पुनः जोडिएपछि मात्र यो सम्झौता लागू हुने बताएको छ । युक्रेनले यसै महिनाको सुरुमा अमेरिकाले प्रस्ताव गरेको विनासर्त युद्धविरामका लागि सहमति जनाएको थियो, तर रुसले यसलाई अस्वीकार गरेको थियो ।

उता युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले अमेरिकाको यस निर्णयबारे आफूलाई पूर्ण जानकारी नभए पनि प्रतिबन्धहरू कमजोर हुनु राम्रो नभएको प्रतिक्रिया दिए ।

टर्की र संयुक्त राष्ट्र संघको मध्यस्थतामा यसअघि पनि खाद्यान्न सम्झौता भएको थियो । सम्झौताले युक्रेनको बन्दरगाहबाट लाखौं टन खाद्यान्न र अन्य खाद्यान्न निर्यात सुरक्षित रूपमा पठाउन अनुमति दिएको थियो । तर, रुसले यो आफ्नो व्यापारका लागि फाइदाजनक नभएको गुनासो गरेरको थियो ।

उता साउदी अरबमा वार्ता भइरहँदा रुस र युक्रेन दुवैले आक्रमण बढाएका छन् । युक्रेनले आफ्नो हवाई प्रतिरक्षा एकाइले मंगलबार रुसले प्रक्षेपण गरेका १३९ मध्ये ७८ वटा ड्रोन खसालेको बताएको छ । युक्रेनको उत्तरपूर्वी सहर सुमीमा एक दिनअघि एक आवासीय क्षेत्रमा रुसी आक्रमणमा परी २३ बालबालिकासहित मृत्यु हुनेको संख्या १०१ पुगेको र एक वयस्क र एक बालकको अवस्था गम्भीर रहेको अधिकारीले बताएका छन् । रुसले महिनौंदेखि युद्धमोर्चाका केही क्षेत्रमा प्रगति गरेको छ ।

चीनलक्षित गर्दै दर्जनौं संस्थामाथि अमेरिकाको प्रतिबन्ध

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाले बेइजिङको कृत्रिम बौद्धिकता (एआई) र उन्नत गणना क्षमतालाई कमजोर बनाउने उद्देश्यले मंगलबार दर्जनौं व्यावसायिक संस्थालाई व्यापार कालोसूचीमा राखेको छ । यस कदमले चीन, संयुक्त अरब इमिरेट्स (युएई) र इरानलगायत देशका ८० संस्थालाई प्रभावित पार्ने बताइएको छ । अमेरिकाको वाणिज्य मन्त्रालयले 'अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिविपरीतका गतिविधि' रोक्न चिनियाँ उद्योगमाथि प्रतिबन्ध लगाएको बताएको छ ।

अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुट्निकले प्रतिबन्धपछि प्रतिक्रिया दिने क्रममा अमेरिकी प्रविधि प्रयोग गरेर प्रतिद्वन्द्वीलाई तिनको सेना बलियो बनाउन र अमेरिकी जीवनलाई खतरामा पार्न अनुमति नदिने बताए । इरानको रक्षा उद्योग र ड्रोन कार्यक्रमका लागि अमेरिकी सामान खरिद गर्न खोज्ने इरान र चीनका दुई संस्थालाई पनि सूचीमा समावेश गरिएको वाणिज्य मन्त्रालयले जनाएको छ । बेइजिङले आफ्ना कम्पनीलाई कालोसूचीमा राख्ने निर्णयको निन्दा गर्दै वासिंटनले व्यापार र प्रविधिलाई 'आधिपत्यवादको विशिष्ट कार्य'मा 'हतियार' बनाएको आरोप लगाएको छ ।

इतिहासमा आज मार्च २७

सन् १९७७ : स्पेनको टेनराइफ विमानस्थलको धावन मार्गमा बोइङ-७४७ मोडलका दुई विमान जुध्दा ५८३ को मृत्यु भयो । यो हवाई इतिहासको सबैभन्दा भयानक दुर्घटना हो ।

सन् १७९४ : अमेरिकी कंग्रेसले नौसेना विधेयक पारित गर्दै देशमा एक स्थायी नौसेना गठन गर्‍यो ।

सन् १९१४ : डा. अल्बर्ट हस्टिनले ब्रसेल्समा पहिलो अप्रत्यक्ष रक्तदान (दाताले दिएको रगत जम्मा गरी राखेर पछि चाहिने मानिसलाई दिने) परीक्षण गरे । हस्टिनले रगत नजमोस् भनेर त्यसमा 'सोडियम साइट्रेट' मिसाएका थिए ।

सन् १९३३ : रेगिनाल्ड गिब्सन र एरिक विलियम फसेटले पोलिथिनको आविष्कार गरे ।

सन् १९९० : अमेरिकाले क्युबामा क्यास्ट्रोविरोधी भावना फैलाउनका लागि 'टिभी मार्टिन'को सिग्नल प्रसारण सुरु गर्‍यो ।

सन् १९९३ : जियाङ जेमिन जनवादी गणतन्त्र चीनका राष्ट्रपति चुनिए । चार वर्षअघि उनी केन्द्रीय सैन्य आयोगका अध्यक्ष चुनिएका थिए । जियाङको पालादेखि चीनमा एउटै व्यक्ति पार्टी नेता, राष्ट्रपति र केन्द्रीय सैन्य विभाग हुने प्रावधान सुरु भयो ।

सन् २००६ : म्यानमारको सैन्य सरकारले औपचारिक रूपमा देशको राजधानी त्याङ्गुनबाट नेपिड सरेको घोषणा गर्‍यो ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था कार्यालय सवारी, कास्की

ईमिशन टेस्टर (Diesel Smoke Meter) खरिद प्रस्ताव आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/१४

यस कार्यालयबाट आ.व २०८१/०८२ मा आवश्यक पर्ने ईमिशन टेस्टर (Diesel Smoke Meter) खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को अधिनमा रही सम्बन्धित फर्म, संस्था, वा कम्पनिबाट तपसिलको शर्तको अधिनमा रही दररेट सहितको शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

शर्तहरू :

- आपुर्तिकर्ताबाट प्राविधिक स्पेसिफिकेशन अनुसारको सामान उपलब्ध गराउनुपर्नेछ ।
- कार्यालयले तयार पारेको प्रस्ताव फाराम खरिद गर्नको लागि निवेदन सहित फर्म, कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि (नविकरण सहित) व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र प्रतिलिपि,कर चुक्ता प्रमाण पत्र प्रतिलिपि सहित रु १० को टिकट टाँस गरी आवेदन दस्तुर रु १०००। (अक्षरुपी एक हजार मात्र) राष्ट्रिय बाणिज्य बैङ्क लि राजश्व खाता शीर्षक नं. १४२२९, कार्यालय कोर्ड ३३७०२३९०१४ दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ ।
- ईमिशन टेस्टर (Diesel Smoke Meter) १ ओटाको के कति दररेटमा उपलब्ध गराउन सकिन्छ सो बेहोरा कार्यालयबाट उपलब्ध प्रस्ताव फाराममा अंक र अक्षरमा स्पष्ट रुपमा खुलाउनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । लागत अनुमान रु ९,७१,८०० (नौ लाख एकहत्तर हजार आठ सय मात्र, दुई थानको) भन्दा कम प्रस्ताव फाराम पेश गर्नुपर्नेछ ।
- धरौटी बापतको रकम रु. २५,०००।- प्रदेश लेखा नियन्त्रकको कार्यालय गण्डकी प्रदेश पोखराको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडमा रहेको धरौटि खाता नं. ३०२०१००२०२०३००००० मा यस कार्यालयको कोड ३३७०२३९०१४ मा जम्मा गरी प्रस्ताव साथ सक्कलै भौचर संलग्न गर्नुपर्नेछ ।
- प्रस्ताव फाराम सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१/१२/२८ गते) सम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । प्रस्तावकले खरिद भएका फारामहरू १६ औ दिनको १२:०० बजेसम्म कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।
- दर्ता भएका फारामहरू १६ औं दिनको (मिति २०८१/१२/२९गते) २:०० बजे यस कार्यालयमा प्रस्तावक र अन्य प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ तर प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन । उक्त दिनहरूमा सार्वजनिक बिदा परेमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिनमा सोहि समयमा गरिनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- यस सूचनामा उल्लेख नभएका बिषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।
- थप बुझ्नु परेमा यस कार्यालयमा स्वयं उपस्थित भई वा मोवाईल नं. ९८५६०३३३९४/९८४७६२२६२१ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

कार्यालय प्रमुख

कुल गार्हस्थ्य उत्पादनमा सुधार

०८१/८२ को पहिलो त्रैमासको तुलनामा २.२ प्रतिशत र गत आवको दोस्रो त्रैमासको तुलनामा ५.१ प्रतिशत जिडिपी वृद्धि , कुल १८ वटा औद्योगिक क्षेत्र सबैमा धनात्मक

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को दोस्रो त्रैमासमा पहिलो त्रैमासको तुलनामा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा २.२ प्रतिशतको वृद्धि भएको छ। चालू आवको पहिलो त्रैमासमा यस्तो वृद्धिदर ०.७ प्रतिशत मात्रै थियो। नेपालमा आर्थिक वर्षलाई त्रैमासिक आधारमा छुट्याएर हेर्दा पहिलो त्रैमासभन्दा दोस्रो त्रैमासमा आर्थिक गतिविधि बढ्ने भएकाले वृद्धिदर स्वाभाविक भएको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक दिनेश भट्टराईले बताए। यद्यपि, गत आवको दोस्रो त्रैमासको तुलनामा देखिएको वृद्धिले भने थोरै सुधारको अनुभूति हुने उनको विश्लेषण छ।

गत आर्थिक वर्ष ०८०/८१ को दोस्रो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा ५.१ प्रतिशतले आर्थिक वृद्धि हुने तथ्यांक कार्यालयले जानकारी दिएको छ। गत आवको दोस्रो त्रैमासमा यस्तो वृद्धिदर ४ प्रतिशत मात्रै थियो। चालू आवको दोस्रो त्रैमासमा अर्थतन्त्रको वृद्धि हुनुमा यातायात क्षेत्र, निर्माण क्षेत्र, कृषि उत्पादन, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धिसँगै वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेको कार्यालयले जानकारी दिएको छ।

समग्रमा यस त्रैमासमा प्रस्तुत गरिएका कुल १८ वटा औद्योगिक क्षेत्र सबैमा धनात्मक वृद्धिदर रहेको अनुमान छ। खासगरी यस अवधिमा शिक्षा क्षेत्र, आवास तथा भोजन क्षेत्र र अन्य सेवा क्षेत्रमा उल्लेख्य वृद्धि हुन नसकेकाले अर्थतन्त्रको वृद्धिदर सामान्य रहन गएको कार्यालयले जनाएको छ।

चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा भएको वृद्धिदरको तुलनात्मक विवरण

क्षेत्र	गत आवको दोस्रो त्रैमासको तुलनामा	चालू आवको पहिलो त्रैमासको तुलनामा (प्रतिशत)
कुल गार्हस्थ्य उत्पादन	५.१	२.२
अन्य सेवा	०.७	०.६
स्वास्थ्य तथा सामाजिक कार्य	३.१	१.४
शिक्षा	०.५	०.३
सार्वजनिक प्रशासन तथा रक्षा	२.२	०.२
प्रशासनिक तथा सहयोगी क्रियाकलाप	३.५	०.४
पेसागत तथा वैज्ञानिक सेवा	३	०.३
रियल स्टेट	३.१	०.५
वित्त तथा बिमा	६.६	३.९
सूचना तथा प्रविधि	४.९	२.६
आवास तथा भोजन	१.८	-२.१
यातायात तथा भण्डारण	१४.२	६.४
व्यापार	६.१	३.४
निर्माण	९.१	३.१
पानी आपूर्ति तथा फोहोर व्यवस्थापन	०.५	०.८
विद्युत् तथा ग्यास	९.२	-४.८
उत्पादनमूलक उद्योग	७.४	१.६
खानी तथा उत्ख नन	९.५	२.३
कृषि वन तथा मत्स्य	३.२	२.६

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय

ऋणात्मक रहेका क्षेत्रमा देखियो सुधार

चालू आवको पहिलो त्रैमासमा ऋणात्मक वृद्धिदर रहेका सात क्षेत्र दोस्रो त्रैमासमा सुधार भएका छन्। चालू आवको पहिलो त्रैमासमा कृषि, वन तथा मत्स्य, खानी तथा उत्खनन, पानी आपूर्ति तथा फोहोर व्यवस्थापन, निर्माण, व्यापार, पेसागत तथा वैज्ञानिक सेवा र प्रशासनिक तथा सहयोगी क्षेत्रको वृद्धिदर ऋणात्मक थियो।

पहिलो त्रैमासमा १५.२ प्रतिशत ऋणात्मक देखिएको खानी तथा उत्खनन क्षेत्रको वृद्धिदर दोस्रो त्रैमासमा २.३ प्रतिशत धनात्मक छ। कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर ०.५ प्रतिशत ऋणात्मकबाट २.६ प्रतिशत धनात्मक बनेको छ। पानी आपूर्ति तथा फोहोर व्यवस्थापन क्षेत्रको वृद्धिदर पहिलो त्रैमासमा ०.८ प्रतिशत रहेकोमा दोस्रो त्रैमासमा ०.८ प्रतिशत धनात्मक देखिएको छ। निर्माण क्षेत्रको वृद्धिदर १.४ प्रतिशत ऋणात्मक रहेकोमा दोस्रो त्रैमासमा ३.१ प्रतिशतले बढेको छ। थोक तथा खुद्रा व्यापार क्षेत्र ३ प्रतिशत ऋणात्मक रहेकोमा ३.४ प्रतिशतले धनात्मक देखिएको छ। पेसागत क्षेत्र ०.२ प्रतिशत ऋणात्मक रहेकोमा ०.३ प्रतिशत धनात्मक बनेको छ। प्रशासनिक तथा सहायक क्षेत्र १.२ प्रतिशत ऋणात्मक रहेकोमा ०.४ प्रतिशतले धनात्मक देखिएको छ।

लामो समयदेखि मन्दीमा गएजस्तो देखिएको निर्माण क्षेत्रमा उल्लेख्य सुधार भएको छ। चालू आवको दोस्रो त्रैमासमा निर्माण क्षेत्रको उत्पादन र आयात दुवैमा वृद्धि भएको छ। गत आर्थिक वर्ष ०८०/८१ को पहिला तीन त्रैमासमा ऋणात्मक वृद्धिदर व्यहोरेको निर्माण क्षेत्रले अन्तिम त्रैमासमा धनात्मक वृद्धिदर कायम राखेको थियो। तर, चालू आवको पहिलो त्रैमासमा पुन १.४ प्रतिशतले ऋणात्मक देखिएको निर्माण क्षेत्रको वृद्धिदरमा दोस्रो त्रैमासमा भने सुधार भएको छ। चालू आवको दोस्रो त्रैमासमा निर्माण क्षेत्रमा ३.१ प्रतिशतको वृद्धिदर हुने अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ। कार्यालयले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार पहिलो त्रैमासको तुलनामा दोस्रो त्रैमासमा १८ वटा औद्योगिक क्षेत्रमध्ये दुई क्षेत्रमा भएको ऋणात्मक वृद्धि तथा अन्य क्षेत्रको सामान्य वृद्धिको कारणले समग्र कुल गार्हस्थ्य उत्पादन झिनो अंकले मात्र वृद्धि भएको हो। यद्यपि, यातायात तथा भण्डारण क्षेत्रमा भने अन्य क्षेत्रको तुलनामा धेरै वृद्धि हुने अनुमान गरिएको छ। ऊर्जा र आवास तथा भोजन सेवा क्षेत्र ऋणात्मक छन्। ऊर्जा क्षेत्रको वृद्धिदर ४.८ प्रतिशतले ऋणात्मक छ भने आवास तथा भोजन क्षेत्रको वृद्धिदर २.७ प्रतिशतले ऋणात्मक रहेको तथ्यांकले देखाएको छ।

यातायात तथा भण्डारण क्षेत्रमा सबैभन्दा बढी ६.४ प्रतिशत वृद्धि हुने र यो क्षेत्रलाई पछ्याउँदै वित्तीय तथा बिमा क्षेत्रको वृद्धिदर ३.९ प्रतिशत रहने अनुमान छ। यो अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर सामान्य वृद्धि २.६ प्रतिशत रहने कार्यालयको अनुमान छ।

काम नगर्ने ठेकेदारले बनायो दमक-चिसापानी सडक अलपत्र

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमकदेखि इलामको माङसेबुङस्थित चिसापानीसम्मको ३३ किलोमिटर सडकमा निर्माण कम्पनीले लापरबाही गरेपछि तीनमध्ये दुई खण्डको ठेक्का तोडिएको एक वर्ष भयो। दमक-चिसापानी सडकको ३३ किलोमिटर ट्र्याक चौडा गर्ने र कालोपत्रे गर्ने गरी सडक डिभिजन कार्यालय दमकले तीन खण्डमा ठेक्का लगाएको थियो। तर, निर्माण कम्पनी लुम्बिनी-गणपति जेभीले काम गर्न नसकेपछि सडक विभागले दुईवटा खण्डको ठेक्का तोडिसकेको छ। दमक-चिसापानी सडकको दोस्रो र तेस्रो खण्ड गरी २६ किलोमिटर सडक कालोपत्रे गर्ने काम २ फागुन ०७६ मा निर्माण कम्पनीले पाएको थियो। सम्झौतामा दोस्रो

५४ करोड ४४ लाख ८७ हजार र तेस्रो ५९ करोड १५ लाख ३५ हजारमा २ फागुन ०७९ मा निर्माण सक्नुपर्ने उल्लेख छ। तर, म्यादमा निर्माण सम्पन्न नभएपछि थपिएको दश महिनाको समयमा दोस्रो खण्डको काम ६२ प्रतिशत र तेस्रोमा ३० प्रतिशत मात्र काम सकिएपछि विभाले ठेक्का तोड्यो। तर, काम नगर्ने निर्माण व्यवसायी ठेक्का तोड्ने निर्णयविरुद्ध अदालत जाँदा नयाँ ठेक्का प्रक्रिया सुरु हुन नसकेको सडक डिभिजन कार्यालय दमकले जनाएको छ। 'निर्माण व्यवसायीले समयमा काम गर्न नसकेपछि हामीले कानुनबमोजिम ठेक्का तोड्यौँ। ठेक्का तोडेपछि पुनः ठेक्का लगाउनुपर्छ। त्यसको प्रक्रिया छ। भएको कामको मूल्यांकन गरेर बाँकी कामका लागि पुनः अर्थ मन्त्रालयसँग स्रोत सहमति माग्नुपर्छ। हामीले सहमति मागेका छौँ,' सडक डिभिजन कार्यालय दमकका प्रमुख श्यामकुमार यादवले भने, 'तर, पुरानो निर्माण व्यवसायीलाई कारबाही गर्ने प्रक्रियामा अघि बढ्दा उनीहरूविरुद्ध जिल्ला अदालत झापा र उच्च अदालत पाटन गएका छन्। जिल्लामा ठेक्का सम्झौता यथावत् गरिपाऊँ भनेर गएको छ भने उच्चमा कारबाहीविरुद्ध गएको छ। जसका कारण प्रक्रिया अघि बढ्न सकेन।' न्यायिक प्रक्रिया नटुंगिएका कारण पुनः ठेक्का लगाउने काम अघि बढाउन नसकिएको उनले बताए।

ठेकेदारको कारण हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे सडकमा यात्रा गर्न बाध्य भएको स्थानीयले गुनासो गरेका छन्। 'हामीलाई भनेअनुसार त यो सडक अस्ति नै कालोपत्रे भइसक्नुपर्ने हो। तर, अहिलेसम्म बाटोको हालत उस्तै छ,' इलामको माङसेबुङ-२ का धनबहादुर राई भन्छन्, 'यसपटक त बाटो पिच होला कि भन्ने थियो। तर, आसमै निराश भइयो। हिउँदमा धुलोले पुर्छ। बर्खामा यो बाटो हिँड्न सकिँदैन।'

निर्माण व्यवसायीले समयमा काम नगरेपछि माङसेबुङ गाउँपालिकाले पनि आर्थिक भार व्यहोर्नुपरेको छ। गत वर्षको बर्खाको समयमा सडक ठाउँठाउँमा बिग्रँदा गाउँपालिकाले आफ्नो बजेटबाट १५ लाख खर्चेर सडक मर्मत गरेको गाउँपालिका अध्यक्ष हेमन्त राई बताउँछन्। 'यो सडक अहिले हिउँदमा पनि धुलोका कारण हिँड्नै नसक्ने छ। बर्खामा त झनै बेहाल हुन्छ। हामीले पहल गरिरहेका छौँ। फेरि ठेक्का प्रक्रिया अघि बढाउन तयार छौँ भनेर आश्वासन आएको छ,' उनी भन्छन्, 'तर, पहिलाको निर्माण व्यवसायी अदालत गएका कारण प्रक्रिया अघि बढाउन नसकेको संघीय सरकारले भन्दै आएको छ। पहिलाको निर्माण व्यवसायीलाई काम गर्न केही समस्या थिएन। पैसा अभाव पनि हैन। काम गर्ने वातावरण पनि हामीले राम्रो बनाइदिएका थियौँ। ठेकेदारका कारण हामीले समस्या झेल्नुपर्‍यो।'

माथिल्लो तामाकोशीमा जुट्यो सहमति, अब सबै कर्मचारीलाई समान सुविधा

दोलखामा **श्याम खतिवडा**

माथिल्लो तामाकोशी आयोजनामा कार्यरत स्थानीय जिल्लावासी कर्मचारी र आयोजनाको व्यवस्थापनबिच सुविधा समान गर्ने सहमति भएको छ। आयोजनामा कार्यरत कर्मचारीहरूमध्ये दोलखावासी र बाहिरी जिल्लाका कर्मचारीलाई दिइने अतिरिक्त सुविधामा विभेद भएको भन्दै स्थानीय कर्मचारी आन्दोलनमा उत्रिएका थिए। माथिल्लो तामाकोशी आयोजनाको प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावर लिमिटेडले यसअघि आयोजनामा दोलखावासी कर्मचारीलाई ५० प्रतिशत र बाहिरी जिल्लाका कर्मचारीहरूलाई ७५ प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराउँदै आएको थियो। आयोजनाले विभेद गरेको भन्दै जिल्लावासी कर्मचारीले चार दिनदेखि आन्दोलन गरिरहेका थिए। बुधबारको वार्तामा सबै कर्मचारीलाई समान अर्थात् ७५ प्रतिशत अतिरिक्त सुविधा दिन आयोजनाको व्यवस्थापन तयार भएपछि आन्दोलन फिर्ताको लिखित सहमति भएको संघर्ष समितिका संयोजक रामबहादुर खड्काले जानकारी दिए। फागुनदेखिकै सुविधामा समान गर्ने सहमति भएपछि आन्दोलनका सबै कार्यक्रम फिर्ता भएको उनले बताए।

सहमतिपत्रमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहन गौतमसहित मनोज ताम्राकार , पूर्णगोपाल रञ्जित, अनिता बजगाईं र मित्रमणि पोखरेल र संघर्ष समितिका संयोजक खड्कासहित सातजनाले हस्ताक्षर गरेका छन्। सहमतिपत्रमा आयोजनामा कार्यरत चार करार कर्मचारीलाई हप्ताको चार दिन मात्रै काम लगाउँदै आएकोमा अब महिनाको ३० दिन काम लगाउने, करार कर्मचारीलाई करारनामाको व्यवस्था गरिने, विषयगत दक्षता एकातिर भई अर्कै समूहमा काम गरिरहेका कर्मचारीलाई सम्बन्धित समूहमा राखेर सेवा प्रदान गर्न लगाउनेजस्ता विषय उल्लेख छन्। कम्पनीमा कार्यरत दुई सय २३ जना करार कर्मचारीमध्ये दोलखाका एक सय एकजना छन्।

अपर तामाकोशी हाइड्रोपावर कम्पनीले दोलखाको बिगु गाउँपालिका- १ लामाबगरमा ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गरिरहेको छ।

परिसंघ युवा उद्यमी मञ्चको लुम्बिनी च्याप्टर गठन

काठमाडौँ/ नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चले लुम्बिनी प्रदेश च्याप्टर गठन गरेको छ। बुधबार भैरहवामा एक कार्यक्रमबिच अर्थमन्त्री विष्णु पौडेलले लुम्बिनी च्याप्टर शुभारम्भ गरे।

कार्यक्रममा अर्थमन्त्री पौडेलले उत्पादन र उत्पादकत्व बढाउने काममा परिसंघले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए। उनले गतिशील समय र तीव्र प्रतिस्पर्धाको दुनियाँमा समयको गतिलाई बुझ्न, प्रतिस्पर्धामा आफ्नो स्थान सुरक्षित राख्ने गरी अगाडि बढ्न युवा उद्यमीहरूलाई सुझाव दिए। उनले औसत काम गरेर बस्ने सुविधा नभएको भन्दै सरकारले कानुन र नीतिमा सुधार गरेर सुधारका काम गरेको बताए। देशमा व्यवसाय अनुकूलको वातावरण बनाउँदै लैजाने प्रतिबद्धता जनाए। परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले युवाहरूलाई उद्यमशील बनाउन नीतिबाटै सहजीकरण र प्रोत्साहन आवश्यक रहेको बताए। परिसंघ युवा उद्यमी मञ्च लुम्बिनी प्रदेश च्याप्टरको बोर्डमा राजन कसजूसँगै विकास पाण्डे, अभिषेक पाठक, अर्जुन पाठक, रोनिश श्रेष्ठ, सुरज उप्रेती, विवेक कसौधन, अभिनव थापा रहेका छन्।

ग्वार्को फ्लाइओभर ४० मिटर क्षेत्रमा प्यानल झिकेर पुनः जडान गरिँदै

काठमाडौँ/ ग्वार्को फ्लाइओभरमा दबेको भागका प्यानलहरू झिकेर पुनः जडान गरिँदै छ। फ्लाइओभर निर्माणका क्रममा सातदोबाटोतर्फको एक भागमा प्यानलबिचको ज्वाइन्ट ग्याप बढेको थियो। सो खण्डको करिब ४० मिटर क्षेत्रका सबै प्यानल झिकेर पुनः जडान गर्ने कार्य निर्माण व्यवसायीको आफ्नै खर्चमा गरिरहेको सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले बताए। डिजाइनमा पूर्वानुमान गरेअनुरूप धेरै स्थानमा माटो समान रूपमा दबेको तर सातदोबाटोतर्फको एक भागमा भने असमान रूपले दब्दा प्यानल ४-५ बिचको ज्वाइन्ट ग्याप बढेको विभागले विज्ञप्तिमार्फत जानकारी दिएको छ। ग्वार्को फ्लाइओभर निर्माण इपिसी मोडेलमा भएकाले डिजाइन र निर्माणको जिम्मेवारी पूर्ण रूपमा निर्माण व्यवसायीको हुने विभागले जनाएको छ।

नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/१४

यस कम्पनीको मिति २०८१/०७/१४ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (त्रिशक्ति सेक्युरिटिज पब्लिक लि.) को नाममा रहेको सम्पूर्ण चल अचल संपत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (त्रिशक्ति सेक्युरिटिज लि.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०९/०९ गते निर्णय भई प्रबन्धपत्र मा संसोधन भए बमोजिम यस कम्पनीको नाम त्रिशक्ति सेक्युरिटिज लि.कायम गरिएको व्यहोरा जानकारी गराउदछौं।

त्रिशक्ति सेक्युरिटिज लि.
पुतलीसडक, काठमाडौं

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रोपटक प्रकाशित मिति: २०८१/१२/१४

यस कम्पानीको मिति २०८१/१०/०७ को निर्णय बमोजिम साविकको **डिस्कभरी न्यूज नेटवर्क प्रा. लि.** (प्रा. लि.नं. ११८३७३) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रातोपाटी न्यूज नेटवर्क प्रा. लि.** कायम गरिएको जानकारी गराइन्छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, बेसिशहर, लमजुङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/१२/१४ गते बिहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **बेसिशहर, लमजुङमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०१/२५ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय **बेसिशहर, लमजुङमा** दिनको ठीक २ (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१. ऋणी : वासुदेब न्यौपाने ना.प्र.प.नं ६६७ (जारी मिति २०३७/११/२५, दोस्रो प्रतिलिपि २०७७/०४/२९ जि.प्र.का. लमजुङ) ठेगानाः लमजुङ जिल्ला सुन्दरबजार न.पा. वडा नं. ४, स्थायी ठेगाना भई लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं. ४,। बाबु : वामदेब न्यौपाने। बाजेः रामचन्द्र न्यौपाने	**जमानतकर्ता : राजेश्वरी न्यौपाने** (ना.प्र.प.नं १६७६३ (जारी मिति २०५१/०८/२७, जि .प्र.का. लमजुङ) ठेगानाः लमजुङ जिल्ला दुराडाँडा गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं. ४,। बाबु : किल बहादुर पण्डीत। पति : वासुदेब न्यौपाने। ससुराः वामदेब न्यौपाने
जमानतकर्ता : अनुपा न्यौपाने (ना.प्र.प.नं ४५-०१-७४-०४३२९ (जारी मिति २०७४/१०/०५, जि.प्र.का. लमजुङ) ठेगानाः लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं. ४। बाबु : वासुदेब न्यौपाने। बाजे : वामदेब न्यौपाने	**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण** ऋणी वासुदेब न्यौपानेको नाममा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला बेसिशहर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२६० र १२६२ को क्षेत्रफल ०-०-०-२ र ०-२-३-० को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी : मन्जु राउत (ना.प्र.नं. ४५१०१२/१८९१८ मिति २०६७/१२/२१ जि.प्र.का लमजुङ) ठेगाना : लमजुङ जिल्ला बेसिशहर गा. वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश लमजुङ जिल्ला बेसिशहर नगरपालिका वडा नं. ९, साम्दी। बाबु : खडग बहादुर बस्नेत पति : टेक बहादुर राउत। ससुरा : बृख बहादुर राउत	**जमानतकर्ता : हिमला भन्ने मन माया राउत** (ना.प्र.नं. ५७८६ मिति २०४४/१२/१५ जि.प्र.का लमजुङ) ठेगाना : लमजुङ जिल्ला बेसिशहर गा. वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश लमजुङ जिल्ला बेसिशहर नगरपालिका वडा नं. ९, साम्दी। बाबु : धन बहादुर बस्नेत पति : बृख बहादुर राउत। ससुरा : महावीर राउत।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण

हिमला भन्ने मन माया राउतको नाममा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला बेसिशहर गा. वि.स. वडा नं. ५, स्थित कित्ता नं. ६२८ र २४५ को क्षेत्रफल (रोपनी) ०-१५-०-३ र १-८-२-१ तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, वा शाखा कार्यालय, बेसिशहर, लमजुङ** बाट प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, बेसिशहर, लमजुङमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान
विजुलीबजार, काठमाडौं

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१/१२/१४

यस कार्यालयबाट मिति २०८१/११/०५ को राजधानी राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार Construction of wall climbing,Boundary wall and other Infrastructures Solu Dudhkunda Municipality ward No: 7 Garma, Solukhumbh Invitation for Bids No.: PPP/NCB-01/081/82 को निर्माण गर्न बोलपत्र आब्हन सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राबिधिक प्रस्तावको बिस्तृत मुंल्याङ्कन भएको हुँदा तपशिल बमोजिमको बोलपत्रदाताको प्राविधिक प्रस्ताव,यस कार्यालयबाट माग भएको मुंल्याङ्कन तथा योग्यता सबै आधार पुप्याएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (नवौ संशोधन २०७६ सहित) को नियम ३१ङ को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएकोले तपशिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	योजनाको नाम र ठेक्का नं.	सफल बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
1	Construction of wall climbing, Boundary wall and other Infrastructures Solu Dudhkunda Municipality ward No: 7 Garma, Solukhumbh Invitation for Bids No.: PPP/NCB-01/081/82	Kalika Nirman Sewa Sinamangal Kathmandu	२०८१/१२/२१ गते, दिउसो १ बजे, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, विजुलीबजार काठमाडौं।

कार्यकारी निर्देशक

सिटी एक्सप्रेसको '१८ गुणा' योजनाको उपहार हस्तान्तरण

काठमाडौं/ सिटी एक्सप्रेस मनी ट्रान्सफरले '१८औँ वर्षमा १८ गुणा, परिवारमा खुसी लाखौँ गुणा' योजनाको उपहार हस्तान्तरण कार्यक्रम गरेको छ। योजनामा कोरियाबाट नीराजन ढकालले जी मनी ट्रान्समार्फत नेपालमा आमालाई रकम पठाउँदा आफूले पठाएको रकमको १८ गुणा गरी सात लाख ५४ हजार तीन सय ६२ रुपैयाँ जितेका थिए। सोही रकम उनकी आमा निर्मला तिवारीलाई हस्तान्तरण गरिएको छ। कार्यक्रममा सिटी एक्सप्रेसका ब्रान्ड एम्बासडर एवं हास्यकलाकार जितु नेपालको उपस्थिति थियो।

सोही योजनाअन्तर्गत लक्की ड्रमार्फत हरेक महिना दुईजनालाई सामसङको स्मार्ट फोन, हरेक हप्ता दुईजनालाई सामसङकै स्मार्ट टिभी र ९० दिन लगातार १८ जना विजेतालाई जनही पाँच सय रुपैयाँको सिटी पे वालेट टपअप पाउने भनिएको थियो। जसअन्तर्गत १६ सय २० जनाले दैनिक उपहार पाँच सयको वालेट टपअप, २४ जनाले साप्ताहिक उपहार स्मार्ट टिभी र ६ जनाले मासिक उपहार स्मार्ट फोन जितिसकेको कम्पनी जनाएको छ।

सोही कार्यक्रममा कम्पनीले ०८२ सालको क्यालेन्डर पनि सार्वजनिक गरेको छ। हरेक वर्ष नयाँ-नयाँ विषय वस्तुलाई समावेश गरेर क्यालेन्डर प्रकाशन गर्ने सिटी एक्सप्रेसले यस वर्ष भने आर्थिक समृद्धिको विषयवस्तुमा क्यालेन्डर प्रकाशित गरेको जनाएको छ।

पेप्सोडेन्टले गर्‍यो दन्त स्वास्थ्य कार्यक्रम

काठमाडौं/ पेप्सोडेन्ट नेपालले 'विश्व मौखिक स्वास्थ्य दिवस २०२५ 'को अवसरमा दन्त स्वास्थ्य कार्यक्रम सम्पन्न गरेको छ। स्वास्थ्य शिविर, सचेतना कार्यक्रम, म्याराथन, स्वास्थ्य सामग्री वितरणलगायत कार्यक्रम गरेर दिवस मनाएको हो।

चर्चित ओरल केयर ब्रान्ड पेप्सोडेन्टले डेन्टल स्टुडेन्ट्स सोसाइटी नेपाल (डिएसएसन)सँगको सहकार्यमा विभिन्न विद्यालय तथा कलेजमा सचेतना तथा दन्त शिविर सञ्चालन गरेको हो। १५ मार्चमा श्री गुह्येश्वरी माध्यमिक विद्यालयमा, १६ मार्चमा बिआइए इन्स्टिच्युट, जोरपाटीमा र १७ मार्चमा चितवन मेडिकल कलेज, चितवनमा कार्यक्रम सञ्चालन गरेको हो।

मार्च २०, २०२५ विश्व मौखिक स्वास्थ्य दिवसको दिन, पेप्सोडेन्ट नेपालले डिएसएन र नेपाल डेन्टल एसोसिएसनसँगको सहकार्यमा वसन्तपुरबाट नक्सालसम्म २५० दन्त चिकित्सक र विद्यार्थीहरूको सहभागिता रहेको 'रन फर ओरल हेल्थ' म्याराथन आयोजना गरेको हो।

कम्पनीको अनुसार पेप्सोडेन्ट नेपालले डेन्टल साइन्स हाइजिनिस्ट एसोसिएसन अफ नेपाल (डिएसएचएएन)सँग मिलेर मार्च १८ मा एक हजार आठ सयभन्दा बढी ट्राफिक प्रहरीलाई निःशुल्क दन्त जाँच प्रदान गरी दन्त स्वास्थ्य किट वितरण गरेको थियो।

नेपालमै पहिलोपटक लिटमसको आल्मुनियम रड उत्पादन

काठमाडौं/ लिटमस इन्डस्ट्रिज लिमिटेडले आल्मुनियम रड उत्पादन सुरु गरेको छ। उद्योगले नेपालमै पहिलोपटक आल्मुनियम रड उत्पादन थालेको कम्पनीले दाबी गरेको छ।

लिटमसले 'लिटमस २.०' अन्तर्गत नेपालको पहिलो आल्मुनियम रड उत्पादन उद्योगको औपचारिक सुरुवात गरेको हो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले उद्योगको उद्घाटन गरे। नवलपरासीको रामग्राम हकुईमा अवस्थित यस उद्योगले नेपाली बजारमा हुने आल्मुनियम

आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै त्यसको उत्पादनमा आत्मनिर्भरतातर्फ लैजाने कम्पनीले जनाएको छ।

हाल नेपालमा तार, केबल र कन्डक्टर निर्माणमा प्रयोग हुने आल्मुनियम रड आयातमार्फत पूर्ति हुँदै आएको छ। यस प्लान्टको सञ्चालनले आल्मुनियम रडको आयात परनिर्भरतालाई उल्लेख्य रूपमा घटाउनुका साथै देशभित्रै उच्च गुणस्तरको आल्मुनियम रडको नियमित आपूर्ति प्रत्याभूत गर्ने कम्पनीको दाबी छ। लिटमस इन्डस्ट्रिजले उत्पादन थालेको आल्मुनियम रडले नेपालले व्यहोरि रहेको व्यापार घाटा न्यूनीकरणमा योगदान दिने कम्पनीको दाबी छ। लिटमस इन्डस्ट्रिज लिमिटेड तार, केबल र कन्डक्टर निर्माता कम्पनी हो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८१/१२/१४)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाण्डौ नेपाल पोष्ट वक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नवुझाई बैंकसँग गरेको कर्जा सम्वन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकविच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी वढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
